# प्यारो हरियो नेपाल

# वार्षिक प्रगति प्रतिवेदन

*(आर्थिक वर्ष २०८१/०८२)*




मुख्य कार्यालयःपो.ब.नं. १५२३, काठमाडौ महानगरपालिका, वडा नं. १४ कलंकी, नेपाल

सम्पर्क नं. ५५९१३७७, ५५९२३७२ ई-मेलःlgnearth@gmail.com

वेब साईटः www.lovegreennepal.org.np

फिल्ड कार्यालयः पाँचखाल नगरपालिका वडा नं. ६, बखेल्डीही, काभ्रेपलाञ्चोक

# प्यारो हरियो नेपाल

# वार्षिक प्रगति प्रतिवेदन

## (आर्थिक बर्ष २०८१।०८२)

## (१७ जुलाई २०२४ देखि १६ जुलाई २०२५)

**प्रमुख सम्पादकः** नारायण प्रसाद ज्ञवाली

**सम्पादक मण्डलः** रमेशनाथ रेग्मी, शेखर बस्नेत र खिम प्रसाद कोईराला

**सहयोगीः** देवि प्रसाद गौतम, गोविन्द प्रसाद पाण्डे, दिपचन्द्र बुढा

दिपक घोरसाईने र सुमित्रा श्रेष्ठ

**मुख्य कार्यालयः** पो.ब.नं. १५२३, काठमाडौ महानगरपालिका, वडा नं. १४ कलंकी, नेपाल
सम्पर्क नं. ५५९१३७७, ५५९२३७२ ई-मेलः lgnearth@gmail.com
वेब साईटः www.lovegreennepal.org.np

## विषयसूची:


| क्र.सं. | बिषयवस्तु | पृष्ठ |
|---|---|---|
| (क) | ताजा आई.पि.एम. तरकारी उत्पादन तथा बजार प्रवर्धन परियोजना | १-२७ |
| (ख) | पूर्वाधार विकास परियोजना | २८-४३ |
| (ग) | छात्रवृत्ति वितरण तथा क्षमता अभिवृद्धि कार्यक्रम | ४४-५१ |
| (घ) | खानेपानी सेवा तथा व्यवस्थापन प्रणालीमा सुधारकालागि प्राविधिक सहयोग परियोजना | ५१-५४ |
| (ङ) | वातावरण संरक्षणका लागि वृक्षारोपण तथा सामुदायिक वन व्यवस्थापन कार्यक्रम | ५५-६४ |
| (च) | संस्थाले गरेका विविध कार्यहरू<br>१. कफी उत्पादन कार्यक्रम<br>२. पाँचखाल नर्सरी व्यवस्थापन<br>३. अनैंकोट फार्म व्यवस्थापन | ६५-६९ |
| (छ) | आर्थिक वर्ष २०८०।०८१ को लेखा परीक्षण प्रतिवेदनबाट हुबहु रुपमा तयार गरिएको आयव्यय तथा वासलातको विवरण | ७० |
| (ज) | पाँचखाल नगरपालिकासंग भएका बैंठकको माईन्यूटका नमुनाहरू | ७१-७२ |

## (क) ताजा आई. पि. एम. तरकारी उत्पादन तथा बजार प्रवर्धन परियोजना

## १. परियोजनाको संक्षिप्त विवरणः

### १.१ परियोजना क्षेत्रः

क. प्रदेशः बाग्मती ख. अंचलः बाग्मती ग. जिल्लाः काभ्रेपलाञ्चोक

घ. पाँचखाल नगरपालिकाः सबै वडाहरू

### १.२ लाभान्वित घरधुरीः

- लक्षितः घरधुरीः ३५० जनसंख्याः १९२५
- हालसम्म समेटीएकोः घरधुरीः ३८५ (आई.पि.एम कृषक पाठशाला. र आधारभूत आई.पि.एम.कृषक)

### १.३ परियोजनाको प्रमुख उद्देश्यः

यस परियोजनाको मुख्य उद्देश्य पाँचखाल नगरपालिकाका साना कृषकहरूको दिगो जीविकोपार्जनका लागि दिगो कृषि विकासको अवधारणा अपनाई आई.पि.एम. ताजा तरकारी उत्पादन तथा बजार प्रवर्धन गर्ने रहेको छ ।

### १.४ लक्षित प्रमुख क्रियाकलापहरूः

१.४.१ कृषक समूह गठन

१.४.२ आई.पि.एम.कृषक पाठशाला संचालन

१.४.३ आधारभूत आई.पि.एम. तालिम

१.४.४ माटो नमूना परीक्षण तथा माटो उपचार कार्यक्रम

१.४.५ उन्नत तरकारीको बीउ बितरण

१.४.६ कृषि सामाग्रीहरूमा अनुदान

१.४.७ क्षमता विकास तालिम

१.४.८ कृषि मेला प्रदर्शनी

१.४.९ र्आइ.पिंएम. तरकारी बिक्रि कक्ष निर्माण

१.४.१० आजाद स्कुलमा आई.पि.एम. डेमो प्लट स्थापना

१.४.११ उन्नत जातका घाँसका स्लिप वितरण

१.४.१२ आधारभूत पशुपालन व्यवस्थापन तालिम

१.४.१३ भकारो सुधार कार्यक्रम

१.४.१४ कृषि प्रशोधन तथा बजार प्रणालीको विकास

१.४.१३ घरदैलोमा कृषि र पशु स्वास्थ्य सम्बन्धी प्रसार सेवा

### १.५ दातृसंस्था र परियोजना कार्यान्वयनकर्ताः

क. मूल दातृसंस्थाः जाईका (जापान अन्तर्राष्ट्रिय सहयोग नियोग), योकोहामा

ख. सहयोगी संस्था: लवग्रीन जापान

ग. परियोजना कार्यान्वयनकर्ता: प्यारो हरियो नेपाल

**१.६ समन्वय तथा सहकार्य:**

क. केन्द्रीय स्तरमा: समाज कल्याण परिषद्, केन्द्रीय कृषि प्रयोगशाला, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र, हरिहर भवन ।

ख. जिल्ला स्तरमा: जिल्ला समन्वय समिति, कृषि विकास कार्यालय, पशु विकास कार्यालय, डिभिजन वन कार्यालय आदि ।

ग. स्थानीय स्तरमा: पाँचखाल नगरपालिका र वडा कार्यालयहरू तथा लाभान्वित कृषक समुह ।

**१.७ परियोजना अनुगमन र मुल्याँकन:**

समाज कल्याण परिषद् बाट अनुगमन तथा मूल्याँकन

**१.८ परियोजना अवधी:** अगष्ट २०२३ देखि जुलाई २०२६ सम्म

**२. यस आर्थिक वर्षमा संचालित क्रियाकलापहरू:**

**(ख) दिगो कृषि सम्बन्धी कृयाकलापहरू**

**१. समुह गठन:**



परियोजनाका क्रियाकलापहरू संचालन पूर्व कृषकहरूसंग बैठक बसी परियोजनाले गर्ने कार्यहरूका बारेमा छलफल गर्ने गरिन्छ । संस्थाका प्राविधिकहरूको सहयोगमा यस आर्थिक बर्षमा ३ वटा समूह गठन गरी कृषि तथा सहकारी शाखा, पाँचखाल नगरपालिकामा दर्ता प्रकृयामा रहेको छ । समूह परिचालन बाट स्वस्थ तथा ताजा तरकारीको बजारीकरणमा सहज हुने विश्वास गरिएको छ । उक्त तीन वटा समूहमा ८८ जना कृषकहरू आवद्ध रहेका छन ।

**२. आधारभूत आई.पि.एम.तालिम संचालन:**



स्वस्थ बाली उत्पादनका लागि कृषकहरूलाई विभिन्न माध्यमबाट सहयोग तथा सुसूचित गर्दै आईरहेको छ । कृषकहरूलाई मौसम अनुसार तरकारीबाली लगाउने तरिका बारे ज्ञान तथा सीपमा जोड दिई आई.पि.एम. तरिकाबाट खेती गर्न अभिप्रेरित गरिदै आएको छ । यसबाट रासायनिकमलको सन्तुलित प्रयोग तथा विषादी न्यूनिकरणका लागि विभिन्न उपायहरूका बारेमा कृषकहरूलाई सुसूचित गर्नका लागि पाँच दिने आधारभूत आई.पि.एम. तालिम पाँचखाल नगरपालिका वडा नं. ४, ८, ९ र १० मा एक एकवटा गरी जम्मा चारवटा संचालन गरिएको थियो । तालिम

कार्यक्रममा आई.पि.एम. पद्धतिबाट तरकारी उत्पादन गर्ने तरिका, माटो व्यवस्थापन, गोठेमल सुधार, वानस्पतिक विषादी बनाउने तरिका, रोगकीराको व्यवस्थापन, टनेल खेती प्रविधि, जलवायु परिवर्तन, कृषिमा सूचनाको प्रयोग, कृषि उपजको बजारीकरण आदिका बारेमा सैद्धान्तिक तथा प्रयोगात्मक विधिबाट जानकारी दिईएको थियो। तालिममा महिला ८१ जना र पुरूष ४२ जना गरी जम्मा १२३ जना कृषकहरूको सहभागिता रहेको थियो। तालिमका सहभागिहरूको नामावली अनुसूची–२ मा उल्लेख गरिएको छ।

**३. उन्नत तरकारी बिउ बितरणः**

कृषकहरूको उत्पादनमा सकारात्मक बृद्धिका लागि संस्थाले बेला बेलामा मौसम अनुसारको विभिन्न तरकारीका उन्नत बीउ बितरण गर्दै आईरहेको छ। यस आर्थिक बर्षमा जम्मा २३ के.जी. ८४ ग्राम काउली, रायो, गाजर, धनियाँ, काँक्रो, फर्सि, बुलेट खुर्सानी, गोलभेडा आदिको बीऊ आई.पि.एम. अनुसरण र आधारभूत आई.पि.एम. का सहभागीहरू गरी जम्मा ६२० जना कृषहरूलाई बितरण गरिएको थियो। यसबाट कृषकले आई.पि.एम. पद्धतिबाट उत्पादन तथा बजारीकरण गरेका थिए।



**४. माटाको नमूना परीक्षणः**

कृषि उत्पादनको लागि माटोको महत्वपूर्ण भूमिका हुने भएकोले कृषकहरूको माटो परीक्षण गरि त्यसबाट आएको नतिजाको आधारमा गर्नुपर्ने सुधारको लागि आवश्यक कृषि चूनको सिफारिसको लागि यस आर्थिक बर्षमा माटो परीक्षण गरिएको थियो। उक्त परीक्षणमा वडा नं.१, २, ३, ४, ५, ६, ७, ९, १२ र १३ का कृषकहरूको सहभागीता रहेको थियो। यस आर्थिक बर्षमा कुल २३० घरधुरीका २६९ वटा माटो नमुना संकलन गरी परीक्षण गरिएकोमा माटोको पि.एच. मापन औसत ५.१ र नाईट्रोजन, फस्फोरस र पोटासको अवस्था औसत सबै नमूनाहरूमा कम देखिएको थियो। प्रत्येक कृषकको माटो परीक्षणको नतिजा अनुसार आवश्यक सल्लाह सुझाव तथा कृषि चून प्रयोगका लागि प्रति रोपनी बाली अनुसार सिफारिस गरिएको थियो। यसबाट माटोको अम्लियपनमा सुधार भई उत्पादन वृद्धि हुने विश्वास गरिएको छ।



### ५. तरकारीबालीमा विषादीको अवशेष परीक्षण:

संस्थाबाट केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल संग समन्वय गरी समय समयमा तरकारीबालीमा विषादीको अवशेष परीक्षण गरी कृषकहरूलाई रासायनिक विषादीको न्युनिकरणका लागि आवश्यक सल्लाह सुझावहरू प्रदान गर्दै आएको छ । यस आर्थिक बर्षमा ४६ जना कृषकका ६८ वटा तरकारीका नमूनाहरू संकलन गरी बिषादीको अवशेष परीक्षण गरिएको थियो । परीक्षणको नतिजाबाट विषादीको अवशेष मापदण्ड (≤ ३५ %) भन्दा न्युन ( ≤२५%) रहेको पाईयो जुन उपभोग योग्य रहेको थियो ।

### ६. पशुमूत्र संकलन तथा वानस्पतिक विषादी निर्माण:

संस्थाले पशुमुत्रको प्रयोगमा वृद्धि गराई माटो सुधार तथा रासायनिक नाईट्रोजन (युरिया) मलको प्रयोगमा हुने खर्च घटाउनका लागि पशुमुत्रको प्रयोगलाई बढावा दिदै आएको छ । त्यसैगरी रासायनिक विषादीको प्रयोगलाई निरुत्साहित गर्नका लागि स्थानीय स्तरमा पाईने जडिवुटीजन्य तितो, टर्रो, पिरो र अमिलो स्वाद भएका वनस्पती तथा झारपातहरू पशुमुत्रमा मिसाई कुहाई वानस्पतिक विषादी निर्माणका लागि संस्थाले प्रोत्साहित गर्दै आईरहेको छ । यस आर्थिक बर्षमा ३८५ जना कृषकहरूले ३८५०० लिटर वानस्पतिक विषादी निर्माण गरी ९,६३५ रोपनी जग्गामा प्रयोग भएको थियो ।



### ७. प्लाष्टिक ड्रम बितरण:

आई.पि.एम.कृषकहरूलाई ताजा र स्वस्थ तरकारी उत्पादन तर्फ उन्मुख गराउने उद्देश्यले संस्थाव्दारा संभावित क्षेत्रको पहिचान गरी कृषकलाई आई.पि.एम.पद्धति व्दारा तरकारी उत्पादन बारे तालिम दिदै आईरहेको छ । तालिमका सहभागीहरूलाई पशुमूत्र संकलन र वानस्पतिक विषादी बनाउनका लागि ५० लिटर क्षमताको प्लाष्टिक ड्रम एक जना कृषकलाई २ वटाले जम्मा २०७ वटा ड्रम १२३ जना कृषकहरूलाई बितरण गरिएको थियो । उक्त प्लाष्टिकका ड्रमहरू कृषकको ५० प्रतिशत र परियोजनाबाट ५० प्रतिशत लगानीमा खरिद गरिएको थियो । यसबाट पशुमूत्रको संकलन तथा वानस्पतिक विषादी निर्माणबाट रासायनिक विषादीको प्रयोगमा कमि आउने विश्वास गरिएको छ । (अनुसूची-२ का किसानहरू)



८. क्षमता विकास तालिमः

**(क) कृषि अध्ययन विद्यार्थीहरूको क्षमता विकास तालिमः**



संस्थाले स्थानीय आजाद माध्यामिक विद्यालयसंग समन्वय गरी  कक्षा ९, १० र ११ मा कृषि विषय पढिरहेका विद्यार्थीहरूलाई रासायनिकमल र विषादीको न्यूनिकरण तथा स्वस्थ बाली उत्पादन सम्बन्धमा एक दिने अभिमुखीकरण कार्यक्रम संस्थाको फिल्ड कार्यालयमा संचालन गरिएको थियो ।  संस्थाका प्राविधिकहरू बाट जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा गरेको असर तथा अनुकुलनका उपाय, आईपि.एम. प्रविधिहरू, वानस्पतिक विषादी र प्रकृति प्राँगारिकमल बनाउने बारे सैद्धान्तिक तथा प्रयोगात्मक विधि, विभिन्न पाशोहरू र ल्युरका बारेमा सहभागी विद्यार्थीहरूलाई जानकारी गराइएको थियो । उक्त तालिममा ५० जना विद्यार्थीहरूको सहभागीता थियो । यसबाट विद्यार्थीहरूले आफ्ना अभिभावकहरू लाई समेत सिकाउने अपेक्षा लिईएको छ । तालिमका सहभागिहरूको नामावली अनुसूची–३ (क) मा उल्लेख गरिएको छ ।

**(ख) कर्मचारीहरूको क्षमता विकास तालिमः**

संस्थाले कर्मचारीहरूको क्षमता विकासका लागि लैंङ्गिक समानता सम्बन्धी एक दिने तालिम फिल्ड कार्यालयमा संचालन गरेको थियो । यसको उद्देश्य कर्मचारीमा लैंङ्गिक समानता बारे ज्ञान आर्जन भई कार्यस्थलमा लैंङ्गिक न्याय, समान अवसर र सहभागिता प्रवर्द्धन हुने अपेक्षा गरिएको छ । तालिममा लैंङ्गिक विभेद, सामाजिक रूढीवादी धारणा र महिलाहरूको सशक्तीकरणका विषयमा छलफल गरिएको थियो । यसबाट सहभागीहरूको सोचमा सकारात्मक परिवर्तन ल्याउनुका साथै कार्य क्षेत्रमा लैंङ्गिक समानता लागू गर्न उत्प्रेरणा हुने विश्वास गरिएको छ । तालिमका सहभागिहरूको नामावली अनुसूची–३ (ख) मा उल्लेख गरिएको छ ।



**(ग) कृषकहरूको क्षमता विकास तालिमः**



नेपाली समाजमा महिला र पुरूष बिच हुने भेदभाव बाट महिलाहरूमा धेरै समस्या देखा परेको पाईन्छ । संस्थाले परियोजनामा आवद्ध कृषकहरूलाई लैंङ्गिक समानताका बारे परिवारका श्रीमान र श्रीमती दुवै जनाको सहभागीतामा एक दिने तालिम अनैंकोट स्थित फार्ममा संचालन गरेको थियो । तालिममा

पारिवारिक तथा सामाजिक भूमिकामा रहेको लैंङ्गिक असमानता, महिला सशक्तीकरण तथा समान अवसरको विषयमा गहिरो छलफल गरिएको थियो । यस तालिमबाट कृषक दम्पती बीच आपसी समझ्दारी र सहकार्य विकास गर्न मद्त पुग्ने विश्वास गरिएको छ । तालिमका सहभागिहरूको नामावली अनुसूची–३ (ग) मा उल्लेख गरिएको छ ।

**(घ) तह-१ कृषि प्राविधिकको क्षमता विकास तालिम कार्यक्रमः**

कृषकहरूमा कृषि प्रविधिको पहुँच पुर्‍याउनको लागि संस्थाले सिटिईभिटी तह १ कृषि प्राविधिकहरूलाई बेला बेलामा सबै वडाहरूमा परिचालन गर्दै आईरहेको छ । उनीहरूको दक्षता र सीप विकासको लागि यस आर्थिक बर्षमा माटो नमूना संकलन र परीक्षण सम्बन्धी एकदिने क्षमता विकास तालिम संस्थाको फिल्ड कार्यालयमा संचालन गरिएको थियो । यसबाट माटो सुधारमा उनीहरूको दक्षता र सीप विकास भई अन्य कृषकलाई बुझाउन सक्ने अपेक्षा गरिएको छ । तालिमका सहभागिहरूको नामावली अनुसूची–३ (घ) मा उल्लेख गरिएको छ ।



**९. आई.पि.एम.अनुशरण बैठकः**

संस्थाले परियोजना संचालन भएदेखि आई.पि.एम. कृषक पाठशालामा सहभागी भएका कृषकहरूले खेती गर्दा अपनाईएका आई.पि.एम. प्रविधि तथा उत्पन्न समस्याहरू तथा तिनका समाधानका बारेमा एक दिने अनुशरण बैठक संचालन गर्दै आईरहेको छ । यसबाट कृषक कृषक बीच अनुभवहरू आदान प्रदान भई समस्या समाधानमा मद्त पुग्ने छ । यस आर्थिक बर्षमा सबै वडाहरूमा गरी ३० वटा अनुशरण बैठक संचालनमा ५२७ जना आई.पि.एम. कृषकहरूको सहभागीता रहेको थियो । बैठकबाट कृषकले कृषि उत्पादन प्रणालीलाई स्वस्थ र वातावरण मैत्री बनाउन सहयोग पुगिरहेको छ ।



**१०. कृषि सामाग्री बितरणः**

कृषकहरूको उत्पादकत्व वृद्धि तथा आयआर्जनमा टेवा पुर्‍याउने उद्देश्ले संस्थाबाट यस आर्थिक वर्षमा बिभिन्न कृषि सामाग्रीहरू वितरण गरिएको थियो । कृषि सामाग्री अन्तर्गत प्लाष्टिक टनेल, प्लाष्टिक पोखरी र थोपा सिंचाई प्रणाली आई.पि.एम. तालिम लिएका कृषकहरूलाई बितरण गरिएको थियो । यी सामाग्रीहरूको प्रयोगबाट कृषकले कृषि प्रणालीलाई आधुनिकीकरण गर्नमा मद्त पुग्ने छ । यस आर्थिक बर्षमा १२१ जना कृषकलाई प्लाष्टिक टनेल (८५ वटा), प्लाष्टिक पोखरी (१५ वटा) र थोपा सिंचाई ( ६७ सेट) बितरण गरिएको थियो । यसबाट तरकारी उत्पादनमा



बृद्धि भई कृषकहरूको आर्थिक सुधारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । कृषि सामाग्री प्राप्त गर्ने कृषकहरूको नामावली अनुसूची–४ मा उल्लेख गरिएको छ ।

### ११. कृषि उपज संकलन तथा बजार केन्द्रको उद्घाटनः

पाँचखालको कृषि तथा पशुजन्य उत्पादनलाई व्यवस्थित बनाउन र स्थानीय स्तरमा आई. पि. एम. तरीकाबाट उत्पादित तरकारीको बजारीकरण लाई दिगो तथा भरपर्दो बनाउनका लागि संस्थाले पाँचखाल नगरपालिका संग सहकार्य गरी वडा नं. ४, तल्लो तामाघाटमा रहेको पुरानो सटर संग जोडेर थप नौ वटा नयाँ सटरहरू निर्माण यस आर्थिक बर्षमा गरिएको थियो । सो निर्माणका लागि संस्थाबाट रू.२५ लाख र नगरपालिका बाट रू. ९ लाख गरी जम्मा ३४ लाख लागत लागेको थियो । उक्त भवनमा आई.पि.एम. तरीका बाट उत्पादित तरकारी, दुधजन्य उत्पादन, पशुजन्य उत्पादन, फलफूल आदिको दैनिक खरिद बिक्री भई कृषकहरू लाभान्वित हुने छन् । पाँचखाल नगरपालिकाले बजार संचालनको लागि कृषि उपज संकलन तथा बजार केन्द्र कार्य विधि बनाएर संचालन गर्ने भएको छ । उक्त बजार केन्द्रको उद्घाटन २०८२ साल आषाढ ६ गते शुक्रवारका दिन एक समारोहको आयोजना गरी जाईका नेपालका प्रमुख प्रतिनिधी श्री माचुजाकी मिजुकी र नगर प्रमुख श्री महेश खरेलबाट संयुक्त रूपमा भएको थियो । सो अवसरमा १०० भन्दा बढी आगन्तुकहरूले स्टलहरूमा राखिएका आई.पि.एम. तरकारीहरूको अवलोकन र खरिद समेत गरेका थिए । यस कृषि उपज संकलन तथा बजार केन्द्रबाट स्थानीय कृषक तथा उपभोक्ताहरू लाभान्वित हुने विश्वास गरिएको छ ।



### १२. कृषि प्रसार कार्यः

संस्थाले लाभान्वित कृषकहरूलाई खेति गर्दा आईपर्ने विभिन्न प्राविधिक समस्याहरू समाधानका लागि तथा संस्थाव्दारा प्रदान गरिने सेवाहरूका बारेमा जानकारी दिनका लागि ४ जना कृषि प्राविधिकहरूबाट नियमितरुपमा कृषकहरूको खेतीबालीको अवलोकन भ्रमण गर्ने गरिएको छ । यसै क्रममा यस आर्थिक बर्षमा परियोजनमा सहभागी र अन्य गरी जम्मा ९,९८८ घरधुरीमा पुगी दिगो कृषि सम्बन्धी प्राविधिक सेवा प्रदान गरिएको थियो । साथै फोनको माध्यमबाट कृषकलाई आईपरेका समस्याका बारेमा जानकारी लिई समाधानका उपायहरू समेत प्रदान गरिएको थियो ।

## (ग) दिगो पशुपालन सम्बन्धी कृयाकलापहरूः

### १. भकारो सुधारः



पशुपालन व्यवसायमा भकारो सुधार महत्वपूर्ण भएकोले संस्थाव्दारा परियोजनामा आवद्ध कृषकहरूलाई भकारो सुधारका लागि अभिप्रेरित गर्दै आईरहेको छ । विभिन्न रोग तथा थुनेलोको जोखीमबाट जोगाई पशुलाई स्वस्थ

राख्नका लागि पशुलाई राख्ने  गोठ वा भकारो व्यवस्थित र सजिलो हुनु पर्दछ । सुधारिएको भकारोमा घाँस परालको उपयोग अधिकतम हुने, पशुमूत्र र गोबर संकलन राम्रो संग गर्न सकिने भएकोले प्रसस्त मात्रामा प्राँगारिकमल बनाउन सकिने र यसकार्यबाट खेतबारीमा प्राँगारिक पदार्थको मात्रा बढन गई माटो उर्वरक भई कृषि उत्पादन बढ्दछ । यसका लागि संस्थाले यस परियोजनामा संलग्न आई.पि.एम. कृषकहरूलाई भकारो सुधार गर्नका लागि रू. १४,०००।०० प्रति भकारो नगद अनुदान दिने गरेको छ । आर्थिक वर्ष २०८१।०८२ मा ११६ वटा गोठ सुधार कार्य सम्पन्न भएको छ । जसको विवरण अनुसूची-४ मा राखिएको छ ।

**२. आधारभूत पशुपालन व्यवस्थापन तालिम:**

संस्थाबाट आई.पि.एम.तालिममा सहभागी भएका कृषकहरूलाई दिगो पशुपालनमा अभ्यस्त गराई उत्पादन र उत्पादकत्व बढाउनका लागि आधारभूत पशुपालन व्यवस्थापन सम्बन्धी तीन दिने तालिम यस आर्थिक बर्ष वडा नं. ९, डाँडागाऊ र १२, आँपघारीमा संचालन गरिएको थियो । तालिममा पशु स्वास्थ्य, पशुमा लाग्ने विभिन्न रोग, कृत्रिम गर्भाधान, पशु आहार, स्वस्थ दुध उत्पादन, गुणस्तरीय घाँसको व्यवस्थापन, बाखा पालन, पशु खोप आदि बारे भेटेरिनरी डाक्टर तथा पशु प्राविधिकहरू बाट सहभागीहरूलाई जानकारी गराइएको थियो । तालिममा ३१ जना महिला र २३ जना पुरूष गरी जम्मा ५४ जना पशुपालक कृषकहरूको सहभागिता रहेको थियो । तालिमका सहभागीहरूको नामावली अनुसूची-५ मा उल्लेख गरिएको छ ।



**३. उन्नत भूई घाँसका स्लिपहरू बितरण:**

पशुपालन व्यवसायलाई दिगो र व्यवसायिक बनाउनका लागि संस्थाबाट प्रत्येक बर्ष उन्नत भूई घाँसका स्लिपहरू आई.पि.एम. तालिममा सहभागी भएका कृषकहरू र अन्य साधारण कृषकलाई उपलब्ध गराउँदै आईरहेको छ । यसबाट दुग्ध उत्पादनमा वृद्धि हुनुका साथै मौसमी चरनको भर नपरी बर्षभरि हरियो घाँस उपलब्ध गराउने लक्ष्य राखिएको छ । घाँसका स्लिप बितरण संगै कृषकहरूलाई रोप्ने तरीका, व्यवस्थापन र कटानी प्रविधि सम्बन्धी संक्षिप्त जानकारी समेत दिइएको थियो । यस आर्थिक बर्षमा ९५ जना कृषकहरूलाई बदामे २०००० स्लिप, मोलाटो २०,२०० स्लिप, सुब्बा सेटेरिया २१४०० स्लिप र नेपियर २१००० गरि जम्मा ८२ हजार ६०० उन्नत घाँसका स्लिप बितरण गरिएको थियो ।



**४. पशु स्वास्थ प्रसार सेवाः**

संस्था व्दारा परियोजनामा आवद्ध कृषकहरूले पालेका पशुपंन्छिको स्वास्थ अवस्थाका बारे समय समयमा स्थलगत तथा फोनको माध्यमबाट कृषकहरूलाई आवश्यक प्राविधिक सल्लाह सुझाव समेतको सेवा प्रदान गर्दै आईरहेको छ । यस आर्थिक बर्षमा २५६ घरधुरीमा गई पशु स्वास्थ्य सेवा सेवा प्रदान गरिएको थियो ।

**(घ) आई.पि.एम.पद्धतिव्दारा उत्पादित तरकारीको बजार प्रवर्धन**

**१. आई.पि.एम.कृषकबाट तरकारी बजार अध्ययनः**

आई.पि.एम. प्रविधि अपनाई उत्पादन गरिएका तरकारीको दिगो बजारीकरणका लागि संस्थाबाट कृषकहरूको सहभागीतामा स्थलगत बजार अध्ययन गराउदै आईरहेको छ । यसबाट कृषकहरूले आफ्ना उत्पादनको उचित मूल्य प्राप्त गर्न र दिगो कृषिको अभ्यासलाई प्रवर्धन गर्न सहयोग पुगेको छ । यो अध्ययनबाट कृषकले सही समयमा उत्पादन बिक्री गर्न, बजारको आवश्यकता बारे जानकारी लिन र मूल्य वृद्धिको अवस्था थाहा पाउन सहयोग पुगेको छ ।




सहभागीहरूले टुकुचा तरकारीबजार, अर्गानिक मार्ट, रैथाने कृषि प्रोडक्ट केन्द्रले संचालन गरेको हाटबजार र ली शेर्पा रेष्टुरेण्टले संचालन गरेको बजार आदिको अवलोकन तथा बिक्रेताहरूसंग अन्तर्क्रिया गरि समग्र परिस्थितिका बारेमा जानकारी लिनुभएको थियो । भ्रमण पश्चात् कृषकहरूले संस्थाका प्राविधिकको सहायतामा मागको आधारमा तरकारी  उत्पादन योजना बनाई खेती गर्ने पहल गरेका छन । यसबाट तरकारी उत्पादकले उचित मूल्य पाउनुका साथै उपभोक्ताले पनि स्वस्थ, ताजा तरकारी सुपथ मूल्यमा पाउन सक्ने छन । तरकारी बजार अध्ययनमा सहभागी कृषकहरूको नामावली अनुसूची–६ मा उल्लेख गरिएको छ ।

**२. तरकारीबालीमा ग्रेडिङ्ग, प्याकेजिङ्ग तालिमः**



संस्थाले आई.पि.एम. तरीकाबाट उत्पादन गरिएको तरकारीको गुणस्तर अनुसार वर्गिकरण (ग्रेडिङ्ग) तथा उपयुक्त प्याकेजिङ्ग गर्ने प्रविधि बारे कृषकहरूलाई सीप मुलक तालिम संचालन गर्दै आईरहेको छ । जसले गर्दा गुणस्तरीय उत्पादनले बजारमा प्रतिस्पर्धा गर्न सक्ने छ । यसबाट कृषकहरूले थोरै उत्पादनबाट पनि बढी मूल्य प्राप्त गर्न सक्ने छन । यस आर्थिक बर्षमा आई.पि.एम. तरकारी उत्पादन गरी बजारीकरणमा संलग्न कृषकहरूलाई एक दिने ग्रेडिङ्ग, प्याकेजिङ्ग तालिम संचालन गरिएको थियो । तालिम पछि धोत्रा आई.पि.एम. कृषक समूहले ग्रेडिङ्ग, प्याकेजिङ्ग र लेवलिङ्ग गरेर स्थानीय बजार, धुलिखेल र वनेपामा तरकारीको बजारीकरण गरिरहेको छ । उक्त तालिममा महिला २१ र पुरूष २१ गरी

४२ जना कृषकहरूको सहभागीता रहेको थियो । तालिमका सहभागी कृषकहरूको नामावली अनुसूची–७ मा उल्लेख गरिएको छ ।

**३. साप्ताहिक आई.पि.एम. तरकारी बजारीकरणः**

संस्थाले उत्पादित आई.पि.एम.तरकारीको प्रचार प्रसारका लागि काठमाडौमा साप्ताहिक बजारीकरण गर्दै आईरहेको छ । यसबाट आम उपभोक्तालाई स्वस्थ ताजा तरकारीको बारेमा जानकारी हाँसिल भई आउँदा दिनहरूमा आई.पि.एम. तरकारीको माग बढ्ने विश्वास गरिएको छ । यस आर्थिक बर्षमा साप्ताहिक रुपमा सात स्थानमा बजारीकरण गरिएको थियो । ती स्थानहरू टोखा नगरपालिकाको ग्राण्डी भिल्ला, काठमाडौ माहानगरपालिकाको रानीवारी तरकारी पसल, सामाखुसी, अर्गानिक मार्ट, नयाँ बानेश्वर, बुद्धनगर बेकरी पसल, स्मार्ट कृषि बजार, पुरानो बानेश्वर, संस्थाको मुख्य कार्यालय परिसर कलंकी, र ललितपुर महानगरपालिकाको सानेपामा रहेका छन । त्यसैगरी नमूना अगुवा कृषकहरूले आफ्नै पहलमा राजमार्गको छेउमा र होलसेल बजारमा पनि आई.पि.एम. तरकारी बिक्रि गर्दै आईरहेका छन । यस आर्थिक बर्षमा ४६ हप्ताको बजारीकरणमा जम्मा ५,४२,१७३ केजी आई.पि.एम.तरकारी बिक्रि भएको थियो ।



**५. एफ.एम.रेडियोबाट प्रसारणः**

संस्थाले परियोजना अन्तर्गत स्वस्थ तरकारी उत्पादनका लागि कृषकहरूलाई सुसूचित गर्ने उद्देश्य अनुरुप स्थानिय एफ.एम. रेडियो बाट दैनिक वातावरण मैत्री र दिगो कृषि अभ्यासको महत्व जनमानसमा स्थापित गर्न तथा बजारीकरण सम्बन्धी सामाग्रीहरू प्रशारण गर्दै आईरहेको छ । यस आर्थिक बर्षमा धुलिखेलमा रहेको नमोबुद्ध र प्राइम एफ.एम. बाट प्रशारण कार्य भइरहेको छ ।

(ङ) **विविध**

**१.उपभोक्ता समितिको बैठकः**

संस्थाले संचालन गरेका आई.पि.एम. कृषक पाठशालाका सहभागीहरूको समुह बनाएको छ । समय समयमा उनीहरूले गरेका क्रियाकलापहरूको जानकारी लिने र कृषक कृषक बिच अन्तर्क्रिया तथा कृषि तथा पशुपालनमा हासिल गरेका उपलब्धीहरू, कृषि उपजको बजारीकरण र आई परेका समस्याहरूलाई आदान प्रदान गरी उनीहरूको क्षमता विकासका लागि बैठकको आयोजना गर्ने गरिन्छ । यस आर्थिक वर्षमा जम्मा ७३ पटक बैठक बसेको थियो । बैठकमा १६८५ जना आई.पि.एम.तालिम लिएका कृषकहरूको उपस्थिति रहेको थियो ।

**२. नगरपालिकासंग समन्वय बैठकः**

परियोजनाले पाँचखाल नगरपालिका संग सहकार्य गर्दै आफ्ना कार्यक्रमहरू संचालन गर्दै आईरहेको छ । कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालन गर्नको लागि बेला बेलामा नगरपालिकाका मेयर, उपमेयर,

प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू तथा कृषि शाखा र पशु शाखासंग कार्यक्रम संचालन तथा नयाँ आर्थिक बर्षमा हुने क्रियाकलापको बारेमा बैठक बसी छलफल गर्ने गरिन्छ । यस आर्थिक बर्षमा जम्मा औपचारिक र अनौपचारिक गरी १० पटक बैठक बसी बिभिन्न विषयका बारेमा छलफल गरिएको थियो

### ३. जाईका नेपाल कार्यालयबाट परियोजना क्षेत्र अनुगमनः

पाँचखाल नगरपालिकामा संचालित ताजा आई.पि.एम.तरकारी उत्पादन तथा बजार प्रबर्धन परियोजनाले गरेका क्रियाकलापहरूको स्थलगत अनुगमन जाईका नेपालका प्रमुख, एनजिओ डेस्कका श्री युका तिमल्सीना र लवग्रीन नेपाल र जापानका प्रतिनिधी व्दारा २०२४ सेप्टेम्वर २  तारिखमा गर्नुभएको थियो । उहाँले परियोजनाका लाभग्राही कृषकहरूसंग प्रत्यक्ष भेटगरी कार्यक्रमबाट उनीहरूले सिकेका तथा प्राप्त गरेका सेवाहरूको बारेमा अन्तर्क्रिया र कृषिमा भएको परिवर्तन बारे जानकारी लिनु भएको थियो । सो अवसरमा  संस्थाका कार्यकारी निर्देशक तथा परियोजनाका टिम लिडर श्री नारायण ज्ञवालीले सहजीकरण गर्नुभएको थियो ।

### ४. समूह परिचालन अभिमूखीकरणः

संस्थाबाट कार्यान्वयन भइरहेको ताजा आई.पि.एम. तरकारी उत्पादन तथा बजार प्रबर्द्धन परियोजना अन्तर्गतका समूहहरूलाई समूह परिचालनको लागि जाईका सिडिई कोअडिनेटर श्री किवाको निसिमाए र लवग्रीन जापान टिमव्दारा धोत्रा आई.पि.एम.कृषक समूह, वडा नं. ६ र जनज्योती कृषक समूह, वडा नं. १२ का सदस्यहरू लाई एक दिने समूह परिचालन सम्बन्धी अभिमूखीकरण तालिम संचालन गरिएको थियो । यसबाट सहभागीहरूले समूहको महत्व, समूहले दीर्घकालिन रूपमा दिगो र प्रभावकारी काम गर्ने क्षमताका बारेमा जानकारी लिएका थिए । कार्यक्रममा दुवै कृषक समूहका गरी ४७ जनाको सहभागीता थियो ।

### ५. कागोसिमा अर्गानिक कृषकसंघसंग छलफल कार्यक्रमः

जापानमा लामो समयदेखि कृषि र पशुपालन क्षेत्रमा काम गर्दै आईरहेको कागोसिमा अर्गानिक कृषक संघका प्रतिनिधीहरूबाट  संस्थाले संचालन गरेको परियोजना क्षेत्रको दुई दिने स्थलगत अवलोकन भ्रमण गरेको थियो । उहाँहरूले कृषकसंग अन्तर्क्रिया गरी कृषि र पशुपालनमा जापानको अनुभव र बजारीकरण सम्बन्धी जानकारी दिनुभएको थियो भने नेपालको बजारीकरण बारेमा जिज्ञासा राख्नु भएको थियो ।

### ६. परियोजनाको दोश्रो समीक्षा बैठकः

संस्थाले संचालन गरेको परियोजनालाई  प्रभावकारी रूपमा अगाडी बढाउनको लागि हालसम्म भएका प्रगति, उपलब्धी, चुनौती र सिकाईको समीक्षाका लागि नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत, सबै वडाका अध्ययक्षहरू, योजना शाखा, कृषि शाखा, पशु शाखा र पत्रकारहरू गरी ३५ जनाको उपस्थितीमा २०८२ साल जेष्ठ २७ का दिन एक दिने समीक्षा बैठक नगरपालिकाको सभाहलमा संचालन गरिएको थियो । परियोजनाबाट यस आर्थिक बर्षमा गरिएका क्रियाकलापका बारेमा संस्थाका कार्यकारी निर्देशक एवं टिम लिडर बाट बिद्युतीय माध्यम व्दारा प्रस्तुतिकरण गर्नुभएको थियो । उहाँले सहभागीहरूले राख्नुभएको जिज्ञासाहरूलाई प्रष्ट पार्दै आगामी दिनमा प्राप्त सल्लाह सुझावहरू अनुसार सुधार गर्दै जाने विश्वास दिलाउनु भएको थियो ।

## ७. विषादी प्रयोग मुक्त सप्ताह २०८१

बाली संरक्षण प्रयोगशाला, हरिहरभवन र कृषि विकास कार्यालय, धुलिखेलको आयोजना तथा पाँचखाल नगरपालिका संगको सहकार्यमा एक दिने विषादी प्रयोग मुक्त सप्ताह कार्यक्रम नगरपालिकाको सभाहलमा नगर उपप्रमुख, प्रशासकीय अधिकृत, सम्बन्धीत शाखाका कर्मचारीहरू, कृषक, पत्रकारको उपस्थितीमा संचालन गरिएको थियो । यो बर्षको नारा "घातक विषादीको प्रयोग निमूलीकरण गरौं, आफ्नो भावी सन्ततीको रक्षा गरौं", स्वस्थ बाली उत्पादन हाम्रो अभियान रहेको थियो । उक्त कार्यक्रममा संस्थाबाट कृषि प्राविधिकहरूको समेत सहभागीता रहेको थियो । बाली संरक्षण प्रयोगशालाका प्रमुखबाट हाल नेपालमा विषादीको प्रयोगको अवस्था र आम सरोकारवालाहरूको जिम्मेवारीका बारेमा प्रस्तुतिकरण दिनु भएको थियो । सो अवसरमा संस्थाबाट विषादी न्यूनीकरणका लागि गरेको कामहरू र उपलब्धीका बारेमा बरिष्ठ कार्यक्रम अधिकृतबाट सहभागीहरूलाई जानकारी गराईएको थियो । यस प्रकारको कार्यक्रमबाट विषादीको असरका बारेमा जनमानसमा चेतना बढ्ने विश्वास गरिएको छ ।

## ८. कृषकबाट कृषकमा प्रविधि हस्तान्तरणः

संस्थाले प्रविधि विस्तारको लागि पाँचखाल नगरपालिका संगको सहकार्यमा प्रत्येक वडामा एक जना नमूना अगुवा कृषकलाई सिटिईभिटी/सीप परीक्षण बोर्डबाट कृषि तह १ को सीप परीक्षामा सहभागी गराई १४ जना लाई उतिर्ण भएका थिए । उनीहरू व्दारा परियोजनाले समेट्न नसकेका कृषकलाई संस्था संग समन्वय गरी दिगो कृषि सम्बन्धी कार्यक्रम संचालन गर्दै आई रहेका छन । यस आर्थिक बर्षमा उनीहरूव्दारा सबै वडाहरूमा कृषकहरू भेला गराई एक दिने गुणस्तरीय कम्पोष्टमल र वानस्पतिक विषादी बनाउने कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रममा महिला २८९ र पुरूष १२५ गरी जम्मा ४१४ जना कृषकहरूको सहभागीता रहेको थियो । यसबाट धेरै भन्दा धेरै कृषकहरू लाभान्वित भई दिगो कृषिको अभ्यास बिस्तार हुने अपेक्षा गरिएको छ ।

## ९. जेपिपि मासिक तथा बार्षिक कर्मचारी बैठकः

परियोजनाबाट भईरहेका कार्यहरूको प्रगति र समीक्षा गर्ने उद्देश्यले प्रत्येक महिनामा सबै फिल्डका कर्मचारीहरूसंग बैठक बसी छलफल गर्ने गरिन्छ । कार्य सम्पादन गर्दा आईपर्ने समस्याहरूको बारेमा छलफल समाधान खोजी गर्नुका साथै मासिक गर्नुपर्ने कामहरूको लेखाजोखा गरी कार्य योजना बनाई फिल्ड कर्मचारीहरूलाई परिचालन गरिन्छ । त्यसैगरी आर्थिक बर्षको अन्तिम महिनामा बार्षिक समीक्षा बैठक बसी बर्षभरी काम गर्दा आईपरेका समस्या र चुनौतिका बारेमा छलफल गरी आगामी बर्षमा गर्नुपर्ने क्रियाकलापको बार्षिक कार्ययोजना बनाई सम्पन्न गर्नका लागि चाल्नुपर्ने रणनीतिका बारेमा छलफल गरिएको थियो ।

३. कार्यक्रम संचालनबाट भएका हलसम्मका उपलब्धीहरूः

३.१ आई.पि.एम.पाठशालामा सिकाइएका कुराहरू कृषकहरूले अनुशरण गरेका छन ।

३.२ पशुमूत्र र प्राँगारिक मलको व्यवस्थापनमा कृषकहरूको चेतना अभिवृद्धि भएको छ ।

३.३ प्रारम्भिक अध्ययन तथा अनुशरण तालिममा कृषकहरू संगको छलफल बाट रासायनिक बिषादी र रासायनिक मलको प्रयोगमा कमी आएको देखिएको छ ।

३.४ मौशमी तथा बेमौशमी समयमा उत्पादित तरकारीहरूको नमूना संकलन गरी बिषादी अवशेष परीक्षणबाट तरकारीहरूमा बिषादीको अवशेष न्युन (तुरुन्त उपभोग योग्य) रहेको पाईयो ।

३.५ कृषकहरूले माटोको सुधारमा जोड दिएका छन् ।

३.६ फेरोमन ट्र्याप र पहेंलो लिसो पासोको प्रयोगमा कृषकहरूको आकर्षण अत्यधिक वृद्धि भएको छ ।

३.७ एफ.एम. रेडियोबाट बज्ने विज्ञापनको प्रभावले कृषकहरू र जनमानसमा जथाभावी रासायनिक मल र विषादी प्रयोग गर्नु हुदैन भन्ने प्रचार भएको पाईनुको साथै जनचेतना वृद्धि भएको छ ।

३.९ कृषकहरूले आई.पि.एम. तरकारीको बजारीकरणका लागि उत्पादन योजना बनाई खेती गर्ने परिपाटीको विकास भएको छ ।

३.१० उपभोक्ता माभ्क आई.पि.एम. तरकारीको बारेमा जानकारी हुनु र रुचाउनु ।

३.११ रासायनिक मल र विषादीको प्रयोगमा न्यूनीकरण हुदै गएको छ ।

३.१२ आई.पि.एम.पद्धतिव्दारा उत्पादित तरकारी काठमाडौंको बजारिकरणबाट उपभोक्तामा स्वस्थ तरकारी प्रतिको आकर्षण बढदै गएको पाईएको छ ।

३.१३ आई.पि.एम. कृषक समूहले आफनै पहलमा तरकारीको बजारीकरण गर्न थाल्नु ।

३.१४ स्थानीय स्तरमा तरकारी संकलन तथा बजारीकारणको सुरुवात हुनु ।

**४. सवल पक्ष र चुनौतीः**

| क्र.सं. | सवल पक्ष | चुनौती |
|---|---|---|
| १. | परियोजना र सो सम्बन्धित क्रियाकलापहरू प्रति कृषक र सरोकारवालाहरू सकारात्मक र उत्साहित हुनु । | जलवायू परिर्वतनको प्रभावले खेतीपातीमा प्रतिकूल असर पर्नु । |
| २. | कृषकहरू उत्पादन योजना बनाई तरकारीको उत्पादन गर्न थाल्नु । | आई.पि.एम.पद्धतिबाट उत्पादित कृषि उपजको बजार व्यवस्थापनमा कठीनाई । |
| ३. | विषादी न्युनिकरण हुँदै जानु । विषादी अवशेष परीक्षणबाट तरकारीबालीमा विषादीको मात्रा ज्यादै न्युन हुनु । | परियोजनाले सबैक्षेत्र समेट्न नसक्दा कृषकहरूको माग थेग्न समस्या । |
| ४. | आई.पि.एम. तरकारीको बजारीकरणमा कृषक समूह परिचालित हुनु । | बालीमा नयाँ रोग र कीराहरूको प्रकोप बढ्दो । |
| ५. | संचालित सबै क्रियाकलापहरूमा कृषकको निरन्तर र उत्साहपुर्ण सहभागिता । | वनस्पतिक विषादी निर्माणलाई दिगो बनाउन कठिन । |
| ६. | पाँचखाल नगरपालिका, वडा कार्यालयहरू, कृषि विकास कार्यालय, पशु विकास कार्यालय र कार्यक्रम संचालित वडा कार्यालयहरूमा राम्रो समन्वय हुनु । | बाली लगाउने समयमा रासायनिकमलको अभाव । |
| ७. | स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको पहिचान तथा प्रयोग बढ्नु । | |
| ८. | दातृ निकायबाट परियोजनाको उच्च मूल्याँकन हुनु । | |

## ५. संचालित क्रियाकलापहरूको तथ्याँकगत विवरण:

| क्र. सं. | क्रियाकलापको विवरण | परिमाण | सहभागी/लाभान्वित घरधुरी |
|---|---|---|---|
| **क.** | **लभग्राही छनौट तथा समूह बैठक** | | |
| १. | समूह गठन | ३ वटा | ८८ |
| **ख.** | **दिगो कृषि विकास सम्बन्धी क्रियाकलापहरू** | | |
| १. | आधारभूत आई.पि.एम.तालिम | ४ वटा | १२३ (म.८१ पु.४२) |
| २. | उन्नत तरकारीको बिउ बितरण | २३.८४ के.जी. | ६२० |
| ३. | माटो नमूना परीक्षण | २६९ नमूना | २३० |
| ४. | तरकारीबालीमा विषादी अवशेष परीक्षण | ६८ वटा नमूना | ४६ |
| ५. | पशुमूत्र संकलन तथा वानस्पतिक विषादी निर्माण | ३८५०० लिटर (८६३५ रोपनीमा प्रयोग) | ३८५ |
| ६. | प्लाष्टिक ड्रम बितरण | २०७ वटा | १२३ |
| **७.** | **क्षमता विकास तालिम** | | |
| (क) | कृषिका विद्यार्थीहरूको क्षमता विकास | २ पटक | ५० |
| (ख) | कर्मचारीहरूको क्षमता विकास | १ पटक | ८ |
| (ग) | आई.पि.एम. कृषकहरूको क्षमता विकास | १ पटक | २१ |
| (घ) | तह १ कृषि प्राविधिकको क्षमता विकास | १ पटक | १४ |
| ८. | आई.पि.एम. अनुशरण बैठक | ३० पटक | ५२७ |
| ९. | कृषि सामाग्री बितरण (टेनल ८५ वटा, पोखरी १५ वटा र थोपा सिंचाई सेट ६७ वटा) | १ पटक | १२१ |
| १०. | कृषि उपज संकलन तथा बजार केन्द्र उद्घाटन | १ वटा | १०० |
| ११. | एफ.एम.रेडियो बाट प्रशारण | नियमित | |
| १२. | कृषि प्रसार कार्य | नियमित | |
| **ग.** | **दिगो पशुपालन सम्बन्धी क्रियाकलापहरू** | | |
| १. | भकारो सुधार कार्यक्रम | ११६ वटा | ११६ |
| २. | आधारभूत पशुपालन तालिम | २ वटा | ५४ (म.३१ पु.२३) |
| ३. | उन्नत भूई घाँस बितरण | ८२,६०० स्लिप | ९५ |
| ४. | पशु स्वस्थ सेवा प्रसार | नियमित | |
| ५. | खसी पार्ने कार्यक्रम | ९९ वटा | ६१ |
| **घ.** | **आई.पि.एम. तरकारीको लागि बजार प्रणालीको विकास** | | |
| १. | नमूना अगुवा कृषकबाट बजार अध्ययन | १ पटक | १४ (म.६ पु. ८) |
| २. | ग्रेडिङ्ग, प्याकेजिङ्ग सम्बन्धी तालिम | २ पटक | ४२ (म.२१ पु. २१) |
| ३. | स्थानीय तहमा आई.पि.एम.तरकारी बिक्रि कक्ष निर्माण | १ वटा | सम्पन्न |
| ४. | साप्ताहिक आई.पि.एम. तरकारी बजारीकरण | ४६ हप्ता (५४२१७३ केजी) | ५० |
| **ङ.** | **विविध क्रियाकलापहरू:** | | |
| १. | उपभोक्ता समितिको बैठक | ७३ पटक | १६८५ |

| | | | |
|---|---|---|---|
| २. | नगरपालिका संग समन्वय बैठक | १० पटक | ३४ |
| ३. | जाईका नेपालबाट परियोजना क्षेत्रको अनुगमन | १ पटक | ५ |
| ४. | कृषक समूह परिचालन अभिमूखीकरण | २ पटक | ४७ |
| ५. | कागोसिमा प्राँगारिक संघको परियोजना क्षेत्र भ्रमण | १ पटक | ७ |
| ६. | परियोजनाको दोश्रो समीक्षा बैठक | १ पटक | ३५ |
| ७. | विषादी प्रयोग मुक्त सप्ताह २०८१ | १ पटक | ३२ |
| ८. | कृषकबाट कृषकमा प्रविधि हस्तान्तरण | १३ पटक | ४१४ (म.२८९ पु. १२५) |
| ९. | परियोजनाको मासिक बैठक | नियमित | |

**अनुसूची–१ परियोजना अन्तर्गतका लाभग्राही कृषकहरूको उमेर र लैंङ्गिक अवस्थाको बिश्लेषण:**




माथीको बिश्लेषणबाट लाभान्वित कृषकहरूमा महिलाको संख्या पुरूषको तुलनामा १६.३६ प्रतिशतले बढी रहेका छन । कुल सहभागी कृषकहरूमा महिला ५८.१८% छन भने पुरूषको सहभागीता ४१.८२% रहेको छ । ३१ बर्ष देखि ५० बर्ष उमेर समूहका सहभागी ५७.६६ प्रतिशत रहेका छन । प्राय: सबै उमेर समूहमा महिलाहरूको संख्या बढी रहेको छ ।

**अनुसूची–२ आधारभूत आई.पि.एम. तालिमका सहभागी कृषकको नामावली:**

| क्र.सं. | सहभागीको नाम | वडा नं. | क्र.सं. | सहभागीको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १. | सानुकान्छी दनुवार | ४ | ६३. | शर्मिला पहरी | ९ |
| २. | सलिना दनुवार | ४ | ६४. | गंगाकुमारी मगर | ९ |
| ३. | मनिषा दनुवार | ४ | ६५. | रत्न ब. पहरी | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | जुना दनुवार | ४ | ६६. | राधा पहरी | ९ |
| ५. | सुनिता सापकोटा | ४ | ६७. | कृष्ण थापामगर | ९ |
| ६. | निरा दनुवार | ४ | ६८. | कमला पहरी | ९ |
| ७. | सिता दनुवार | ४ | ६९. | चन्द्रमाया पहरी | ९ |
| ८. | कान्छी दनुवार | ४ | ७०. | राजकुमार पहरी | ९ |
| ९. | सान्नानी दनुवार | ४ | ७१. | विर ब. पहरी | ९ |
| १०. | विष्णुमाया दनुवार | ४ | ७२. | ज्ञानु पहरी | ९ |
| ११. | मिठु दनुवार | ४ | ७३. | विरमान पहरी | ९ |
| १२. | निरमाया दनुवार | ४ | ७४. | सुमित्रा पहरी | ९ |
| १३. | देबकी दनुवार | ४ | ७५. | चमेली पहरी | ९ |
| १४. | मनिषा दनुवार | ४ | ७६. | श्री लक्ष्मी तामाङ | ९ |
| १५. | स्वस्थानी दनुवार | ४ | ७७. | रन्जिता पहरी | ९ |
| १६. | भगवती दनुवार | ४ | ७८. | सेती तामाङ | ९ |
| १७. | सुमित्रा दनुवार | ४ | ७९. | शम्भु पहरी | ९ |
| १८. | कृष्णमाया दनुवार | ४ | ८०. | पुर्णीमाया तामाङ | ९ |
| १९. | सुमित्रा राई | ४ | ८१. | विमला पहरी | ९ |
| २०. | असलमाया दनुवार | ४ | ८२. | यादब पहरी | ९ |
| २१. | उर्मिला दनुवार | ४ | ८३. | बल ब. पहरी | ९ |
| २२. | मनिषा दनुवार | ४ | ८४. | अप्सरा पहरी | ९ |
| २३. | सुन्तली दनुवार | ४ | ८५. | खगेन्द्र प्रसाद अधिकारी | १० |
| २४. | विष्णुलाल. दनुवार | ४ | ८६. | राजु पाठक | १० |
| २५. | अक्षय कु. दनुवार | ४ | ८७. | पार्वति कोइराला | १० |
| २६. | हरिमाया ढुङ्गाना | ८ | ८८. | गोविन्द प्रसाद तिमल्सिना | १० |
| २७. | कविराज तिवारी | ८ | ८९. | मुरारी प्र अधिकारी | १० |
| २८. | कमल बहादुर तामाङ | ८ | ९०. | हरीकृष्ण सापकोटा | १० |
| २९. | हिरामाया तामाङ | ८ | ९१. | राम ब श्रेष्ठ | १० |
| ३०. | राजु ढुङगाना | ८ | ९२. | यपनाथ खनाल | १० |
| ३१. | शान्ती तामाङ | ८ | ९३. | चञ्चाल तिमिल्सिना | १० |
| ३२. | सोइता तामाङ | ८ | ९४. | रोहिणी सत्याल | १० |
| ३३. | टोलक बा. तामाङ | ८ | ९५. | गणेश सापकोटा | १० |
| ३४. | जयमाला तामाङ | ८ | ९६. | देवी सापकोटा | १० |
| ३५. | पान मायाँ तामाङ | ८ | ९७. | सुभद्रा प्याकुरेल | १० |
| ३६. | सञ्चमायाँ तामाङ | ८ | ९८. | सविता खनाल | १० |
| ३७. | इन्दिरा वि.क. | ८ | ९९. | राधा प्याकुरेल | १० |
| ३८. | सुभद्रा तमाङ | ८ | १००. | रमा सत्याल | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९. | रमा के.सी | ८ | १०१. | कमला सापकोटा | १० |
| ४०. | प्रदीप तामाङ | ८ | १०२. | सुशीला प्याकुरेल | १० |
| ४१. | नवराज के.सी | ८ | १०३. | रमेश कुमार गौतम | १० |
| ४२. | असली तामाङ | ८ | १०४. | सन्तोषी न्यौपाने | १० |
| ४३. | हिमाल तामाङ | ८ | १०५. | बृन्दा तिमिल्सिना | १० |
| ४४. | मायाँ तामाङ | ८ | १०६. | अप्सरा अधिकारी | १० |
| ४५. | धन मायाँ तामाङ | ८ | १०७. | शिव प्र त्रिपाठी | १० |
| ४६. | सुकु.मायाँ तामाङ | ८ | १०८. | रामशरण हुमागाई | १० |
| ४७. | सानु मायाँ तमाङ | ८ | १०९. | गोमा न्यौपाने | १० |
| ४८. | कृष्ण मायाँ तामाङ | ८ | ११०. | पवित्रा प्याकुरेल | १० |
| ४९. | देवेन्द्र श्रेष्ठ | ८ | १११. | सुर्दशन गौतम | १० |
| ५०. | उद्धब हमाल | ८ | ११२. | सावित्री बडाल | १० |
| ५१. | सुन मायाँ तामाङ | ८ | ११३. | संगिता सापकोटा | १० |
| ५२. | सानु मैयाँ वि.क | ८ | ११४. | मिरा सापकोटा | १० |
| ५३. | सानु काजी लामा | ८ | ११५. | सान्नानी सापकोटा | १० |
| ५४. | शान्ती पहरी | ९ | ११६. | जनक सापकोटा | १० |
| ५५. | अन्जुकुमारी पहरी | ९ | ११७. | सावित्री सापकोटा | १० |
| ५६. | सजीता लामा | ८ | ११८. | विमला सापकोटा | १० |
| ५७. | ममता दाहाल गौतम | ८ | ११९. | जानुका प्याकुरेल | १० |
| ५८. | शान्ती तामाङ | ९ | १२०. | मञ्जु तिमिल्सिना | १० |
| ५९. | शर्मिला तामाङ | ९ | १२१. | निर्जला सापकोटा | १० |
| ६०. | नर ब. पहरी | ९ | १२२. | कृति बन्जरा (इन्ट्रन) | १० |
| ६१. | ठूली तामाङ | ९ | १२३. | पुण्डीका सापकोटा(इन्ट्रन) | १० |
| ६२. | कान्छी तामाङ | ९ | | | |

**अनुसूची–३ क्षमता विकास तालिमका सहभागीहरूको नामावली:**

**(क) कृषि पढेका विद्यार्थीहरू**

| क्र.सं. | सहभागी विद्यार्थीको नाम | वडा नं. | क्र.सं. | सहभागीको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १. | उनिस शिवभक्ति | ११ | २६. | सलिना दनुवार | १२ |
| २. | साजन दनुवार | १२ | २७. | सुवेक्षा दनुवार | १२ |
| ३. | उमेश श्रेष्ठ | ११ | २८. | पल्लवी दनुवार | १२ |
| ४. | राजिव घर्ति | ११ | २९. | मौसम दनुवार | १२ |
| ५. | सुविन दनुवार | १२ | ३०. | दिपिका श्रेष्ठ | १२ |
| ६. | रोशन दनुवार | १२ | ३१. | आकृति चर्मकार | ९ |
| ७. | राज दनुवार | १२ | ३२. | करुण श्रेष्ठ | १२ |
| ८. | श्रीष्टी दनुवार | १२ | ३३. | नविना सेंढाई | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | सुकुमारी दनुवार | १२ | ३४. | नुहाङ. आङ.बो | १२ |
| १०. | सन्दिप चर्मकार | ९ | ३५. | रितु दनुवार | १२ |
| ११. | समिर वि.क. | १२ | ३६. | अनिसा वि.क. | १० |
| १२. | राजेन्द्र बिसुन्खे | ९ | ३७. | अनुष्का दनुवार | १२ |
| १३. | बिना दनुवार | १२ | ३८. | बिन्दा श्रेष्ठ | १२ |
| १४. | सिमा पन्त | १२ | ३९. | सेविका दनुवार | १२ |
| १५. | सम्पन्नता दनुवार | १२ | ४०. | विनिता खाती | १० |
| १६. | स्मृति श्रेष्ठ | १२ | ४१. | अनुष्का श्रेष्ठ | १० |
| १७. | बुनिता दनुवार | १२ | ४२. | विपना विश्वकर्मा | १२ |
| १८. | सपना तामाङ. | ११ | ४३. | मनिला खरेल | १२ |
| १९. | कामना भण्डारी | १० | ४४. | साईसा नकर्मी | १० |
| २०. | विपना श्रेष्ठ | १० | ४५. | अन्जली तामाङ. | १० |
| २१. | ईश्वरी दनुवार | १२ | ४६. | कृपा विश्वकर्मा | १० |
| २२. | रजनी दनुवार | १२ | ४७. | प्रकाश मान्नधर | १२ |
| २३. | अपेक्षा दनुवार | १२ | ४८. | समन श्रेष्ठ | १२ |
| २४. | नितु तामाङ. | १२ | ४९. | हिमाल मान्नधर | १० |
| २५. | सुमिना तामाङ. | १२ | ५०. | आर्यस विसुन्खे | ९ |

**(ख) संस्थाका कर्मचारीहरू**

| क.सं. | कर्मचारीको नाम | पद | क.सं. | कर्मचारीको नाम | प्द |
|---|---|---|---|---|---|
| १ | नारायण ज्ञवाली | कार्यकारी निर्देशक | ६ | दिपक घोरसइने | कृषि प्राविधिक |
| २ | रमेशनाथ रेग्मी | ब.कार्यक्रम अधिकृत | ७ | सुमित्रा श्रेष्ठ | सूचना अधिकृत |
| ३ | देविप्रसाद गौतम | मास्टर ट्रेनर | ८ | यशोदा राई | आईटी संयोजक |
| ४ | गोविन्द प्र. पाण्डे | कृषि प्राविधिक | ९ | रोशन बोहरा | बजार प्रतिनिधी |
| ५ | दिपचन्द्र बुढा | कृषि प्राविधिक | | | |

**(ग) आई.पि.एम. कृषकहरू**

| क.सं. | सहभागीको नाम | वडा | क.सं. | सहभागीको नाम | प्द |
|---|---|---|---|---|---|
| १ | अनिल तामाङ. | १ | ११ | यज्ञप्रसाद तिमल्सीना | २ |
| २ | संगीता तामाङ. | १ | १२ | सान्नानी तिमल्सीना | २ |
| ३ | अक्कलबहादुर तामाङ. | १ | १३ | तेजप्रसाद अधिकारी | २ |
| ४ | विनितामाया तामाङ. | १ | १४ | हर्कमाया अधिकारी | २ |
| ५ | सायद तामाङ. | १ | १५ | पुरुषोत्तम घिमिरे | २ |
| ६ | प्रतिमा तामाङ. | १ | १६ | शारदा घिमिरे | २ |
| ७ | रामबहादुर तामाङ. | १ | १७ | यज्ञबहादुर भुजेल | २ |
| ८ | पञ्चुमाया तामाङ. | १ | १८ | मिठु भुजेल | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | चन्द्रबहादुर तामाङ | १ | १९ | नवराज तिमल्सीना | २ |
| १० | मेनुका लामा | १ | २० | लोककुमारी तिमल्सीना | २ |

**(घ) तह १ का कृषि प्राविधिकहरू**

| क.सं. | सहभागीको नाम | वडा नं. | क.सं. | सहभागीको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| १. | सरिता तामाङ | १ | ६. | विमला नेपाली | ७ |
| २. | अनिता हुँमागाइ | २ | ७. | भिमचन्द्र श्रेष्ठ | ७ |
| ३. | सज्जन गिरी | ३ | ८. | दिपेन्द्र कार्की | ९ |
| ४. | सरस्वती अधिकारी | ४ | ९. | दिपेश तामाङ | ११ |
| ५. | ज्योती श्रेष्ठ | ६ | १०. | मनोज खरेल | १३ |

अनुसूची–४ भकारो सुधार गर्ने र कृषि सामाग्री प्राप्त गर्ने कृषकहरूको

| क्र.सं. | कृषकको नाम | ठेगाना पाँचखाल वडा नं | भकारो सुधार | प्लाष्टिक टनेल | प्लाष्टिक पोखरी | थोपा सिंचाई |
|---|---|---|---|---|---|---|
| १ | सर्बेसिंह तामाङ | २ | १ | १ | १ | – |
| २ | बाबुलाल लामा | २ | १ | – | – | – |
| ३ | कुल बहादुर तामाङ | २ | १ | १ | – | – |
| ४ | बिष्णुमाया तामाङ | २ | १ | – | – | – |
| ५ | अजय तामाङ | २ | १ | – | – | – |
| ६ | जीतबहादुर लामा | २ | – | १ | – | – |
| ७ | फुलमाया तामाङ. | २ | – | १ | १ | – |
| ८ | गणेश तामाङ. | २ | – | १ | – | – |
| ९ | राजु लामा | २ | – | १ | – | – |
| १० | रामकुमार शिवभक्ती | २ | – | – | १ | – |
| ११ | रिता गिरी | ३ | – | १ | – | – |
| १२ | कल्पना श्रेष्ठ | ६ | – | – | १ | – |
| १३ | नेत्रलाल दनुवार | १२ | १ | १ | – | – |
| १४ | कृष्ण बहादुर दनुवार | १२ | १ | १ | – | – |
| १५ | सोम बहादुर दनुवार | १२ | १ | – | – | – |
| १६ | सिता दनुवार | १२ | १ | १ | – | – |
| १७ | राममाया दनुवार | १२ | १ | १ | – | – |
| १८ | बिनिता श्रेष्ठ | १२ | १ | १ | – | – |
| १९ | कल्पना दनुवार | १२ | १ | १ | – | – |
| २० | देवलाल दनुवार | १२ | १ | – | – | – |
| २१ | बल बहादुर दनुवार | १२ | १ | १ | – | – |
| २२ | सिता दनुवार (बि) | १२ | १ | – | – | – |
| २३ | बेलिमाया दनुवार | १२ | १ | – | – | – |
| २४ | सुस्मिता दनुवार | १२ | १ | १ | – | – |
| २५ | रामबहादुर दनुवार | १२ | – | १ | – | – |
| २६ | सुमी दनुवार | १२ | – | १ | – | – |
| २७ | देविमाया दनुवार | १२ | – | १ | – | – |
| २८ | बुनुमाया दनावार | १२ | – | १ | – | – |
| २९ | सानुकान्छा दनुवार | १२ | – | १ | – | – |
| ३० | मनकुमारी दनुवार | १२ | – | १ | – | – |
| ३१ | अजय दनुवार | १२ | – | १ | – | – |
| ३२ | सानुबावु दनुवार | १२ | – | १ | – | – |
| ३३ | योगेश दनुवार | १२ | – | १ | – | – |
| ३४ | आजाद माध्यामिक विद्यालय | १२ | – | २ | – | – |
| ३५ | हिराकाजी दनुवार | ६ | – | १ | – | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३६ | नीरकुमार कार्की | ६ | १ | १ | – | १ |
| ३७ | चन्द्रबहादुर दनुवार | ६ | १ | १ | १ | १ |
| ३८ | मञ्जु दनुवार | ६ | – | १ | – | १ |
| ३९ | पिताम्बर दनुवार | ६ | – | १ | – | १ |
| ४० | समिता भण्डारी | ६ | १ | १ | – | १ |
| ४१ | विजय दनुवार | ६ | १ | १ | – | १ |
| ४२ | सुमन दनुवार | ६ | – | १ | – | – |
| ४३ | नारन दनुवार | ६ | – | १ | – | – |
| ४४ | सानुकान्छा दनुवार | ६ | – | – | – | १ |
| ४५ | कमलबहादुर दनुवार | ६ | – | १ | – | १ |
| ४६ | लीलाबहादुर श्रेष्ठ | ६ | – | – | १ | – |
| ४७ | रामलाल श्रेष्ठ | ५ | १ | १ | – | १ |
| ४८ | सन्तोषी पौडेल | ५ | १ | १ | – | १ |
| ४९ | पेजबहादुर कार्की | ५ | १ | १ | – | १ |
| ५० | सुनिता गौतम | ५ | १ | १ | – | १ |
| ५१ | अर्जुन बस्नेत | ५ | १ | – | – | १ |
| ५२ | सुमित्रा बाँनिया (क) | ५ | १ | – | – | १ |
| ५३ | सुमित्रा बाँनिया (ख) | ५ | १ | – | – | – |
| ५४ | श्यामलाल श्रेष्ठ | ५ | १ | १ | – | १ |
| ५५ | शारदा बाँनिया | ५ | १ | १ | १ | १ |
| ५६ | कमला तामाङ. | ५ | – | १ | – | १ |
| ५७ | जीनामाया तामाङ. | ५ | – | – | – | १ |
| ५८ | कृष्णबहादुर अधिकारी | ५ | १ | – | – | १ |
| ५९ | श्री तामाङ. | ५ | – | – | – | १ |
| ६० | रामबहादुर स्याङ.वो | ५ | – | – | – | १ |
| ६१ | गोमा श्रेष्ठ | ५ | १ | १ | – | १ |
| ६२ | सन्जेमान तामाङ. | ५ | – | १ | – | १ |
| ६३ | कमला श्रेष्ठ | ५ | – | १ | – | १ |
| ६४ | मीना तामाङ. | ५ | १ | – | – | – |
| ६५ | जयराम बानियाँ | ५ | १ | – | – | – |
| ६६ | सानुबावु श्रेष्ठ | ५ | १ | – | – | – |
| ६७ | विपना श्रेष्ठ | ५ | १ | – | – | – |
| ६८ | माईली लामा | ५ | – | १ | – | – |
| ६९ | ज्ञानीमाया तमाङ. | ५ | – | १ | – | – |
| ७० | संगीता कोइराला सापकोटा | १० | १ | – | – | – |
| ७१ | सीता सापकोटा | १० | १ | – | – | – |
| ७२ | मीरा सापकोटा | १० | १ | – | – | – |
| ७३ | शुसिला प्याकुरेल | १० | १ | – | – | – |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७४ | सान्नानी सापकोटा | १० | १ | – | – | – |
| ७५ | शिव त्रिपाठी | १० | १ | – | – | – |
| ७६ | दीपा चौलागाई | ६ | १ | – | – | – |
| ७७ | रुपा दनुवार | ६ | १ | – | – | – |
| ७८ | उमेश पारजुली | ६ | १ | – | – | – |
| ७९ | वीरमान पहरी | ९ | १ | – | – | – |
| ८० | श्यामसरण पहरी | ९ | १ | – | – | – |
| ८१ | चेली पहरी | ९ | १ | – | – | – |
| ८२ | पँञ्चु पहरी | ९ | १ | – | – | – |
| ८३ | चमेली पहरी | ९ | १ | – | – | – |
| ८४ | ठुलीमाया तामाङ. | ९ | – | – | – | १ |
| ८५ | रत्नबहादुर पहरी | ९ | – | १ | – | १ |
| ८६ | ज्ञानु पहरी | ९ | – | – | – | १ |
| ८७ | वीरबहादुर पहरी | ९ | – | – | – | १ |
| ८८ | अञ्जु कुमारी पहरी | ९ | – | – | – | १ |
| ८९ | राजकुमार पहरी | ९ | – | – | – | १ |
| ९० | शर्मिला तामाङ. | ९ | – | – | – | १ |
| ९१ | राधा पहरी | ९ | – | – | – | १ |
| ९२ | अप्सरा पहरी | ९ | – | – | – | १ |
| ९३ | शान्ति पहरी | ९ | – | – | – | १ |
| ९४ | दयाराम लामिछाने | ३ | – | १ | – | १ |
| ९५ | शुशिला चौलागाई | ३ | – | १ | – | १ |
| ९६ | कृष्णप्रसाद गौतम | ३ | – | १ | – | १ |
| ९७ | शारदा चौलागाँई | ३ | – | १ | – | १ |
| ९८ | अञ्जु चौलागाई | ३ | – | १ | – | १ |
| ९९ | ईन्दिरा लामीछाने | ३ | – | १ | – | १ |
| १०० | विमला लामीछाने | ३ | – | १ | – | १ |
| १०१ | नारायण लुईटेल | ३ | – | १ | – | १ |
| १०२ | विशाल तामाङ. | ३ | – | – | – | १ |
| १०३ | सीता तिमल्सीना | ३ | – | १ | – | १ |
| १०४ | ध्रुवप्रसाद न्यौपाने | ३ | – | – | – | १ |
| १०५ | ज्ञानी आचार्य | ७ | – | १ | – | – |
| १०६ | दिपेन्द्र मिजार | ७ | – | १ | – | – |
| १०७ | शर्मिला मिजार | ७ | – | १ | – | – |
| १०८ | नारायण उप्रेती | १३ | – | – | १ | – |
| १०९ | पंञ्चलाल श्रेष्ठ | ११ | १ | - | - | - |
| ११० | गोविन्द श्रेष्ठ | ११ | १ | - | - | - |
| १११ | गोपाल श्रेष्ठ | ११ | १ | - | - | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११२ | बलराम श्रेष्ठ | ११ | १ | - | - | - |
| ११३ | एम ब.श्रेष्ठ | ११ | १ | - | - | - |
| १२४ | लक्ष्मण श्रेष्ठ | ११ | १ | - | - | - |
| १२५ | रेबती श्रेष्ठ | ११ | १ | - | - | - |
| १२६ | अनिता श्रेष्ठ | ११ | १ | - | - | - |
| १२७ | लक्ष्मी श्रेष्ठ | ११ | १ | - | - | - |
| १२८ | बिष्णु लाल श्रेष्ठ | ११ | १ | - | - | - |
| १२९ | राम कृष्ण शिवभक्ती | ११ | १ | - | - | - |
| १३० | लक्ष्मी चौलागाई | ११ | १ | - | - | - |
| १३१ | उजली थापामगर | ११ | १ | - | - | - |
| १३२ | राम ब. तामाङ | ११ | १ | - | - | - |
| १३३ | पदम ब. लामा | ११ | १ | - | - | - |
| १३४ | निरमला तामाङ | ११ | १ | - | - | - |
| १३५ | प्रमिला तामाङ | ११ | १ | - | - | - |
| १३६ | अम्बिका गौतम | ३ | १ | १ | - | १ |
| १३७ | उर्मिला न्यौपाने | ३ | १ | १ | - | १ |
| १३८ | एम कुमारी के.सी. | ३ | १ | १ | - | १ |
| १३९ | कमला चौलागाई | ३ | १ | १ | - | १ |
| १४० | महेशकुमार चौलागाई | ३ | १ | १ | - | १ |
| १४१ | लक्ष्मण गौतम | ३ | १ | १ | - | १ |
| १४२ | सिता लामिछाने | ३ | १ | १ | - | १ |
| १४३ | रेबती गौतम | ३ | १ | १ | - | १ |
| १४४ | दिपक तिमलिसना | ३ | १ | १ | - | १ |
| १४५ | कालिका लामिछाने | ३ | १ | १ | - | १ |
| १४६ | गौरी डोटेल | ३ | १ | १ | - | १ |
| १४७ | सावित्री लामिछाने | ३ | १ | १ | - | १ |
| १४८ | सरिता ढकाल | ३ | १ | १ | - | १ |
| १४९ | मदन लुईटेल | ३ | १ | १ | - | १ |
| १५० | टिकाराम लामिछाने | ३ | १ | १ | - | १ |
| १५१ | सुनिल लामिछाने | ३ | १ | - | - | - |
| १५२ | सोम ब. तामाङ | १३ | १ | - | - | - |
| १५३ | तस्विर तामाङ | १३ | १ | - | - | - |
| १५४ | कान्छा तामाङ | १३ | १ | - | - | - |
| १५५ | प्रेम ब. तामाङ | १३ | १ | - | - | - |
| १५६ | कुल ब. थपलिया | १३ | १ | - | - | - |
| १५७ | पार्वती थपलिया | १३ | १ | - | - | - |
| १५८ | अनिल भण्डारी | १३ | १ | - | - | - |
| १५९ | सानु चर्माकार | १३ | १ | - | - | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६० | सोम प्र. मैनाली | १३ | १ | - | - | - |
| १६१ | सुकविर तामाङ | १३ | १ | - | - | - |
| १६२ | राम ब. तामाङ | १३ | १ | - | - | - |
| १६३ | सानुमैया सार्की | ७ | १ | - | - | - |
| १६४ | ईन्दिरा सार्की | ७ | १ | - | - | - |
| १६५ | रिता मिजार | ७ | १ | - | - | - |
| १६६ | पार्वती मिजार | ७ | १ | - | - | - |
| १६७ | जुना सार्की | ७ | १ | - | - | - |
| १६८ | कमली आचार्य | ७ | १ | १ | - | - |
| १६९ | बबिता विसुङ्खे | ७ | १ | - | - | - |
| १७० | सरिता रम्तेल | ७ | १ | १ | - | - |
| १७१ | सरिता विसुङ्खे | ७ | १ | - | - | - |
| १७२ | रमा मिजार | ७ | १ | - | - | - |
| १७३ | मन्दिरा मिजार | ७ | १ | - | - | - |
| १७४ | एक ब. मिजार | ७ | १ | १ | - | - |
| १७५ | कान्छी आछामी | ७ | १ | - | - | - |
| १७६ | जुना मिजार | ७ | १ | - | - | - |
| १७७ | चन्द्रमाया पहरी | ९ | १ | - | - | १ |
| १७८ | कृष्ण कुमार थापामगर | ९ | १ | - | - | १ |
| १७९ | राम ब. पहरी | ९ | १ | - | - | - |
| १८० | सर्मिला पहरी | ९ | १ | - | - | - |
| १८१ | नर ब. पहरी | ९ | १ | - | - | १ |
| १८२ | शर्मिला श्रेष्ठ | ९ | १ | - | - | १ |
| १८३ | बालकुमार पहरी | ९ | १ | १ | - | १ |
| १८४ | श्री लक्ष्मी तामाङ | ९ | १ | १ | - | १ |
| १८५ | लालिमाया तामाङ | १ | १ | – | – | - |
| १८६ | माया तामाङ (क) | १ | १ | १ | १ | - |
| १८७ | संगिता तामाङ | १ | १ | १ | १ | - |
| १८८ | पञ्चुमाया तामाङ | १ | १ | – | – | - |
| १८९ | चन्द्रबहादुर तामाङ | १ | १ | – | – | - |
| १९० | एनुका तामाङ | १ | १ | – | – | - |
| १९१ | सुर्यमाया तामाङ | १ | १ | – | – | - |
| १९२ | माया तामाङ (ख) | १ | १ | – | – | - |
| १९३ | अनिषा तामाङ | १ | १ | – | – | - |
| १९४ | सपना तामाङ | १ | १ | – | – | - |
| १९५ | आईतीमाया तामाङ | १ | – | १ | १ | - |
| १९६ | रबिना तामाङ | १ | – | – | १ | - |
| १९७ | ईन्द्रबहादुर तामाङ | १ | – | – | १ | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९८ | सन्तमान तामाङ | १ | – | – | १ | - |
| १९९ | सर्मिला तामाङ | १ | – | १ | – | - |
| २०० | बिनितामाया तामाङ | १ | – | – | १ | - |
| | **जम्मा** | | **११६** | **८५** | **१५** | **६७** |

**अनुसूची–५ आधारभूत पशुपालन व्यवस्थापन तालिमका सहभागी कृषकको नामावली:**

| क्र.स. | कृषकको नाम | वडा नं. | क्र.स. | कृषकको नाम | वडा नं. |
|---|---|---|---|---|---|
| ३३ | 286-AWCEF-LGN | रस्मी तामाङ | १० | भक्रमदेवी माध्यमिक विद्यालय, पाँचखाल |
| ३४ | 288-AWCEF-LGN | मनिषा रञ्जितकार | १० | ज्ञानेश्वरी माध्यमिक विद्यालय, पाँचखाल |
| ३५ | 289-AWCEF-LGN | गरिमा सापकोटा | १० | ज्ञानेश्वरी माध्यमिक विद्यालय, पाँचखाल |
| ३६ | 199-AWCEF-LGN | आरती तामाङ | १२ | सर्वमंगला माध्यमिक विद्यालय, पाँचखाल |
| ३७ | 209-AWCEF-LGN | अनिषा गजमेर | १२ | आजाद माध्यमिक विद्यालय, पाँचखाल |
| ३८ | 213-AWCEF-LGN | कबिना मिजार | १२ | आजाद माध्यमिक विद्यालय, पाँचखाल |
| ३९ | 217-AWCEF-LGN | अन्जना लामा | १२ | सञ्जिवनी माध्यमिक विद्यालय, धुलिखेल |
| ४० | 232-AWCEF-LGN | सुस्मिता तामाङ | १२ | सञ्जिवनी माध्यमिक विद्यालय, धुलिखेल |
| ४१ | 233-AWCEF-LGN | सबिना आचार्य | १२ | सञ्जिवनी माध्यमिक विद्यालय, धुलिखेल |
| ४२ | 200-AECEF-LGN | आकृति घोरसाइने | १२ | सर्वमंगला माध्यमिक विद्यालय, पाँचखाल |
| ४३ | 202-AWCEF-LGN | मनिषा तामाङ | १२ | सर्वमंगला माध्यमिक विद्यालय, पाँचखाल |
| ४४ | 204-AWCEF-LGN | लालिमाया तामाङ | १२ | सर्वमंगला माध्यमिक विद्यालय, पाँचखाल |
| ४५ | 215-AWCEF-LGN | करिना चौलागाई | १२ | सर्वमंगला माध्यमिक विद्यालय, पाँचखाल |
| ४६ | 188-AWCEF-LGN | पुजा श्रेष्ठ | १२ | सर्वमंगला माध्यमिक विद्यालय, पाँचखाल |
| ४७ | 274-AWCEF-LGN | सुजिता श्रेष्ठ | १२ | सर्वमंगला माध्यमिक विद्यालय, पाँचखाल |
| ४८ | 191-AWCEF-LGN | ममता श्रेष्ठ | १२ | गोल्डेन फ्युचर माध्यमिक विद्यालय, पाँचखाल |
| ४९ | 275-AWCEF-LGN | पस्बिना श्रेष्ठ | १२ | सर्वमंगला माध्यमिक विद्यालय, पाँचखाल |
| ५० | 242-AWCEF-LGN | यमुना सापकोटा | १२ | पोलिटेक्नीक कलेज, बनेपा |
| ५१ | 198-AWCEF-LGN | सलिना भुजेल | १२ | सर्वमंगला माध्यमिक विद्यालय, पाँचखाल |
| ५२ | 224-AWCEF-LGN | सुस्मिता तामाङ | १२ | सर्वमंगला माध्यमिक विद्यालय, पाँचखाल |
| ५३ | 195-AWCEF-LGN | समिता सुनुवार | १२ | सर्वमंगला माध्यमिक विद्यालय, पाँचखाल |
| ५४ | 196-AWCEF-LGN | चण्डिका थापामगर | १२ | निष्ट कलेज, बनेपा |
| ५५ | 197-AWCEF-LGN | रिता थापा | १२ | सर्वमंगला माध्यमिक विद्यालय, पाँचखाल |
| ५६ | 203-AWCEF-LGN | एलिना भुजेल | १२ | सर्वमंगला माध्यमिक विद्यालय, पाँचखाल |
| ५७ | 287-AWCEF-LGN | एलिशा लामा | १२ | सर्वमंगला माध्यमिक विद्यालय, पाँचखाल |

## ८.५ लिडर्स क्लव कार्यक्रम

लाभान्वित छात्राहरूको शैक्षिक विकासका साथसाथै उनीहरूको क्षमता अभिवृद्धि गर्नकोलागि संचालित क्षमता विकासमूलक कार्यक्रमहरू मध्ये लिडर्स क्लब कार्यक्रम एक हो । सामान्यतया ग्रामीण भेगका सीमान्तकृत, पिछडिएका र कमजोर आर्थिक अवस्था भएका परिवारका बालिकाहरू निराशावादी सोच, आत्म विश्वासमा कमी र सकुंचित धारणा बोकेको पाईन्छ । तसर्थ संस्थाले उनीहरूमा निहित यस प्रकारको सोच तथा व्यवहारहरूमा सुधार ल्याउनको लागि लिडर्स क्लब कार्यक्रम संचालन गरेको हो । लिडर्स क्लब कार्यक्रम मार्फत लाभान्वित छात्राहरूलाई बोल्ने सीप तथा प्रस्तुतीकरण सीपको विकास, सकारात्मक सोचको विकास, लक्ष्य निर्धारण तथा अन्य विषयहरूमा प्रशिक्षित गराईन्छ ।

यस आर्थिक वर्षमा कुल ५ वटा लिर्डस क्लब कार्यक्रम संचालन गरिएको थियो र कार्यक्रमबाट कुल ७५ जना छात्राहरू लाभान्वित भएका थिए । छात्रवृत्ति प्राप्त गर्ने छात्राहरूलाई सिनियर र जुनियर गरी दुई समुहमा विभाजन गरि प्रत्येक समुहलाई लिर्डस क्लब कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रमको मुख्य उद्देश्य लाभान्वित छात्राहरूलाई आफ्नो भनाई तथा अभिव्यक्ति स्पष्ट रुपमा अभिव्यक्त गर्न सक्ने सीप प्रदान गर्नु हो । तसर्थ प्रत्येक कार्यक्रम सहभागीहरूलाई समसामयिक विषय दिई सहभागी मध्ये पाँच जनालाई उक्त विषयमा आफ्नो भनाई प्रस्तुत गर्न लगाईने गरिएको छ । विषयवस्तुहरूमा प्रस्तुती दिँदा मुख्यतया भाषागत शुद्धता, प्रष्ट बोली, दृष्य सम्पर्क, हाउभाउ लगायत अन्य विषयरुमा ध्यान

पुऱ्याउनको सहभागीहरूलाई निर्देशन प्रदान गरिएको हुन्छ। यसरी क्रमिक रुपले सहभागीहरूको बोलाई तथा प्रस्तुतीकरणमा विशेष ध्यान दिई लिर्डस क्लब कार्यक्रम संचालन गरिएको थियो ।

## ८.६ कम्प्युटर तालिम्



छात्रवृत्ति प्राप्त गर्ने छात्राहरू र अन्य स्थानीय छात्रछात्राहरूलाई कम्प्युटर सिकाउने उद्देश्य अनुसार विगत दश वर्ष अगाडी संस्थाको पाँचखाल स्थित फिल्ड कार्यालयमा Community ICT Center को स्थापना भएपछि वेसिक, डिप्लोमा तथा विभिन्न कम्प्यूटर कोर्ष सञ्चालन गरिदै आएको छ। यस आर्थिक वर्षमा पनि कम्प्युटर तालिम अर्न्तगत परिचयात्मक, वेसिक, कार्य विशेष कोर्ष तथा डिप्लोमा लेवलका तालिमहरू संचालन गरिएको थियो। यस आर्थिक वर्षमा जम्मा ६५ जनाले विभिन्न कोर्षहरूमा तालिम प्राप्त गरेका थिए। कम्प्युटर तालिम लिने मध्ये छात्रवृत्ति प्राप्त गर्ने ३२ जना छात्रा र स्थानिय अन्य ३३ जना छात्रछात्रा रहेका छन् । कम्प्युटर तालिम प्राप्त गर्ने विद्यार्थीहरूको नामावली यसप्रकार रहेको छ।

**कम्प्युटर तालिम प्राप्त गर्ने छात्राहरूको नामावली**

| क्र.सं. | सहभागीको नाम | क्र.स. | सहभागीको नाम |
|---|---|---|---|
| १ | आकृति तामाङ | १७ | एलिसा तामाङ |
| २ | रञ्जिता मिजार | १८ | रचना तामाङ |
| ३ | जानुका मगर | १९ | एलिसा कायष्थ |
| ४ | बिपना घिमिरे | २० | सृजना दनुवार |
| ५ | सलिना दनुवार | २१ | सुप्रिया परियार |
| ६ | पुजा श्रेष्ठ | २२ | पुर्ण कुमारी परियार |
| ७ | सञ्जिता बिसुन्के | २३ | जमुना दनुवार |
| ८ | लालीमाया तामाङ | २४ | स्मिृति श्रेष्ठ |
| ९ | मनिषा तामाङ | २५ | प्रनिषा चौलागाई |
| १० | चण्डिका मगर | २६ | करिना गिरी |
| ११ | करिना चौलागाई | २७ | सलिना सार्की |
| १२ | ममता तामाङ | २८ | आशिका सापकोटा |
| १३ | कबिना कोइराला | २९ | आकृति गौतम |
| १४ | रञ्जिता श्रेष्ठ | ३० | स्नेहा तामाङ |
| १५ | रजनी श्रेष्ठ | ३१ | आकृति घोरासाइने |
| १६ | समिक्षा तामाङ | ३२ | सरस्वती परियार |

## ८.७ दातृ निकायका प्रतिनिधज्यूहरूव्दारा लाभान्वित छात्राहरूसंग अर्न्तक्रिया

जापानका माथिल्लो सदनका पूर्व सांसद तथा AWCEF, Japan का अध्यक्ष मिएको खामिमोतो र सदस्यज्यूहरू नावेशिमा हाचुमी, शिमोकावा केइको, फुकुजावाव्दारा लवग्रीन नेपालको पाँचखाल शाखा कार्यालयमा आयोजित एक कार्यक्रमकाबीच छात्रावृत्ति वितरण तथा क्षमता अभिवृद्धि कार्यक्रमका पूर्व लाभान्वित व्यक्तीहरूसंग अर्न्तक्रिया गर्नुभएको थियो । पूर्व लाभान्वित व्यक्तीहरूव्दारा छात्रवृत्ति तथा क्षमता अभिवृद्धि कार्यक्रमले उनीहरूको शिक्षा आर्जन तथा व्यक्तिगत क्षमता विकासमा ठुलो सहयोग गरेकोबारे विचार राख्नुभएको थियो भने दातृ निकायका प्रतिनिधिहरूव्दारा बजेट रकम सिमित भएता पनि सकारात्मक परिणाम ल्याउन सकेकोमा खुशी भएको विचार अभिव्यक्त गरेका थिए ।

## (घ) खानेपानी सेवा तथा व्यवस्थापन प्रणालीमा सुधारकालागि प्राविधिक सहयोग परियोजना

## (Technical Cooperation Project for Systematizing Water Service and Distribution Management in Pokhara City)

### १. परिचय

संयुक्त राष्ट्रसंघको दिगो विकासका लक्ष्यहमध्ये खानेपानी र सरसफाईमा सबैको पहुँच पनि एक हो । सोही अनुरुप सम्बद्ध देश तथा सरोकारवालाहरू यस कार्यमा अग्रसर भएको पाईन्छ । नेपालको सन्दर्भमा करिब ८७ प्रतिशत शहरी बासिन्दामा पानीको पहुँच भएको पाईन्छ । यद्यपि करिब २० प्रतिशत जनताले मात्र शुद्ध पानीको पहुँच भएको छ । यसका विविध कारणहरू छन् । जस्तै पानीको जाँच तथा शुद्धिकरण गर्ने प्रणालीको अभाव, पानीको चुहावट, वर्षायाममा आउने भेल बाढीको व्यवस्थापन नहुनु आदि प्रमुख कारणहरू हुन् । पोखरा महानगरपालिका क्षेत्रफलको हिसाबले देशकै ठुलो शहर र काठमाडौं पछिको जनघनत्व धेरै भएको शहरको रुपमा परिचित छ । तसर्थ पोखरा महानगरपालिकाको खानेपानी वितरण प्रणालीलाई व्यवस्थापन गर्नकोलागि जापान सरकार र नेपाल सरकारबीच सन २०१७ फेब्रुअरी १५ मा Project for Improvement of Water Supply in Pokhara City परियोजना संचालनकोलागि दुईपक्षीय सम्झौता भई आवश्यक भौतिक सुविधाहरू निर्माण भईरहेको छ । निर्माण कार्य सम्पन्न भएपश्चात् पोखरा महानगरपालिकामा दैनिक ४१ मिलियन लिटर पानी वितरण गर्न सकिने नेपाल खानेपानीको धारणा छ ।

भौतिक सुविधाकाको साथसाथै नेपाल खानेपानी संस्थान पोखरा शाखाको पानी वितरण प्रणालीलाई व्यवस्थित गरि शुद्ध खानेपानी वितरण गर्नकोलागि प्राविधिक ज्ञानको पनि आवश्यकता भएकोले नेपाल खानेपानी संस्थानव्दारा जापानको होक्काइडो स्थित Hokkaido International Exchange and Cooperation Center(HIECC) लाई प्राविधिक सहयोगका लागि अनुरोध भएको थियो । उक्त संस्थाले स्यापारो खानेपानी संस्थान, जापानको सहयोगमा नेपाल खानेपानी संस्थानका ईन्जिनियर तथा कर्मचारीहरूलाई प्राविधिक तालिम दिनको लागि जाईका प्राविधिक सहयोग कार्यक्रम अन्तर्गत **खानेपानी सेवा तथा व्यवस्थापन प्रणालीमा सुधारकालागि प्राविधिक सहयोग परियोजना** संचालन गरेको हो र नेपालमा गरिने क्रियाकलापहरूको समन्वय गर्नकालागि लवग्रीन नेपाललाई छानिएको हो ।

२. **परियोजना अवधि** : जनवरी २०२२ देखि डिसेम्बर २०२४

३. **परियोजना स्थल** : पोखरा महानगरपालिका, कास्की

४. **परियोजनाका उद्धेश्यहरू** :

- पानी चुहावटको नियन्त्रण र गुणस्तर व्यवस्थापन योजना तर्जुमा गरेरपानी खानेपानी वितरण सेवा र वितरण व्यवस्थापनलाई सुधारगर्नकोलागि नेपाल खानेपानी संस्थानका प्राविधिक तथा कर्मचारीहरूलाई प्राविधिक ज्ञानको प्रसार गर्ने ।
- खानेपानी शुद्धिकरण स्थलमा वृक्षरोपण मार्फत भुक्षय नियन्त्रण तथा हरियाली विस्तार गर्ने ।

**५. परियोजनाका क्रियाकलापहरू :**
नेपाल खानेपानी संस्थानका कर्मचारीहरूलाई प्रदान गरिने पानीको गुणस्तर व्यवस्थापन तथा चुहावट नियन्त्रण सम्बन्धी प्राविधिक तालिमकोलागि निम्नानुसारको क्रियाकलापहरूमा तयारी, समन्वय तथा सहकार्य गर्ने ।

५.१ तालिमको समबन्धी जानकारीमूलक दस्तावेजहरूको तयारी र कार्यक्रम स्थलको व्यवस्थापन गर्ने ।
५.२ कार्यक्रम सम्बद्ध गोष्ठिको आयोजना तथा प्रतिवेदन प्रस्तुतीकोलागि समन्वय गर्ने ।
५.३ भाषा अनुवादकको व्यवस्थापन गर्ने ।
५.४ भुक्षय नियन्त्रण तथा हरियाली विस्तारका लागि विभिन्न प्रजातिका २०० वटा हुर्केका विरुवाहरू रोप्ने तथा हेरचाह ।
५.५. लक्षित समूहः नेपाल खानेपानी ंस्थानका प्राविधिक अधिकृतहरू र नेपाल खानेपानी संस्थान, पोखरा शाखाका लाभग्राहीहरू ।

**६ आर्थिक वर्ष २०८१।०८२ मा भएको प्रगति**
**६.१ वृक्षारोपण गरिएको क्षेत्रमा फलो अप कार्य**



संस्थाले यस परियोजना अन्तर्गत नेपाल खानेपानी संस्थान पोखरा शाखाको पानी शुद्धीकरणस्थलमा विभिन्न प्रजातिका कुल २६२ ठुला विरुवाहरू वृक्षारोपण गरिएको थियो । उक्त विरुवाहरूको रेखदेखकालागि संस्थाले स्थानिय एकजनालाई हेरचाहकालागि जिम्मेवारी प्रदान गरि आवश्यक मलजल, गोडमेल तथा विरुवा सुरक्षा गर्ने कार्य गरिएको थियो ।

**६.२ पानीको चुहावट नियन्त्रण तथा गुणस्तर व्यवस्थापन सम्बन्धी तालिमको समन्वय**
नेपाल खानेपानी संस्थान पोखरा शाखालाई खानेपानी चुहावट नियन्त्रण र प्रभावकारी वितरण गर्नु एउटा प्रमुख चुनौती हुँदै आएको छ । तसर्थ यस परियोजनाले उक्त चुनौतीलाई सम्बोधन गर्ने हेतु स्यापोरो वाटरवर्क्श व्यूरो जापानका प्राविधिक अधिकृतहरूव्दारा नेपाल खानेपानी संस्थानका प्राविधिक

अधिकृतहरूलाई चुहावट नियन्त्रण तथा गुणस्तर व्यवस्थापन सम्बन्धी प्राविधिक तालिम तिन (३) पटक प्रदान गरिने लक्ष्य राखिएको थियो ।

जस अनुसार २०८१ साल कार्तिक २९ गते देखि मंसिर ४ गतेसम्म नेपाल खानेपानी संस्थान पोखरा शाखामा खानेपानी चुहावट नियन्त्रण तथा गुणस्तर व्यवस्थापन तालिमको संचालन गरिएको थियो । उक्त तालिममा जापानबाट टोलीले मुलत पानी चुहावट नियन्त्रण र गुणस्तर व्यवस्थापन शिर्षकमा सैद्धान्तिक र प्रयोगात्मक कक्षाहरू मार्फत प्राविधिक ज्ञानको आदान प्रदान गरेका थिए । उक्त टोलीले नेपाल खानेपानी संस्थानका भौतिक पूर्वाधारहरूको अवलोकल, खानेपानी वितरण प्रणाली, चुहावट स्थलको अवलोकन गरेको थियो । साथै पानीको चुहावट पहिचान, मर्मत र गुणस्तर व्यवस्थपानकालागि के कस्ता विधीहरू अवलम्बन गरिँदै आएको छ भन्नेबारे पनि जानकारी लिएका थिए र पहिलो चरणमा उपलब्ध गराईएको प्राविधिक ज्ञानलाई आफनो कार्यक्षेत्रमा उपयोग भए नभएको पनि जानकारी लिएका थिए । त्यस्तै २०८१ साल मंशिर २४ र २५ गते तालिममा आवश्यक थप विषयहरूमा छलफल गर्ने जानकारीहरूलाई संकलन तथा दस्तावेजको रुपमा राख्ने तरिकाहरूबारे पनि छलफल गरिएको थियो । यि दुवै तालिमहरूकालागि संस्थाले समन्वय तथा आवश्यक व्यवस्थापकीय कार्यहरू गरेको थियो ।

### ६.३ परियोजनाको परिणाम प्रस्तुती तथा समापन कार्यक्रम

संस्थाको समन्वय तथा जापानको स्यापारो वाटरवर्क्श व्यूरो र नेपाल खानेपानी संस्थानको संयुक्त साझेदारीमा २०८१ साल मंशिर २५ गते पोखरा महानगरपालिका प्रमुख श्री धनराज आचार्यको प्रमुख आतिथ्यता र जाईका नेपालका प्रमुख श्री मिजुको माचुजाकी विशेष अतिथी र नेपाल खानेपानी संस्थानका महाप्रबन्धक श्री त्रिदिप श्रेष्ठको सभापतित्वयमा परियोजानको परिणाम तथा उपलब्धी प्रस्तुती सहितको समापन कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा परियोजना अन्तर्गत संचालित प्रमुख जापानको टोली र नेपाल खानेपानी संस्थानका प्राविधिक अधिकृतहरूव्दारा परियोजनाको प्रमखु क्रियाकलापहरू, परियोजनाको उपलब्धि तथा यसको दिगोपनाकोलागि आवश्यक सल्लाह सुझावहरूबारे प्रस्तुती गर्नु भएको थियो । जसमा चुहावट नियन्त्रणकालागि Standard Operation Plan (SOP) र पानीको गुणस्तरकालागि Water Quality Management Plan तयार गर्नु र नयाँ उपकरको प्रयोगसम्बन्धी जानकारी तथा प्रयोगबारे ज्ञानको आदान प्रदान प्रमुख उपलब्धी भएकोबारे पनि जानकारी गराईएको थियो ।

### ६.४ समाज कल्याण परिषद्व्दारा परियोजनाको अन्तिम मूल्याँकन

संस्थाले समाज कल्याण परिषद्मा पेश गरेको परियोजना प्रस्तावना अनुसारको परियोजना अवधिमा निर्दिष्ट क्रियाकलापहरू सम्पन्न गरेको थियो र त्यस पश्चात समाज कल्याण परिषद्व्दारा गठित परियोजना मूल्याँकन टोलीले परियोजना क्षेत्र पोखरा कास्कीमा भ्रमण गरि स्थानिय जनता, सरोकारवाला निकाय, नेपाल खानेपानी संस्थान मुख्य कार्यालय तथा पोखरा शाखाका प्रतिनिधिहरूसंग बैठक गरि परियोजनाको क्रियाकलाप, उपलब्धि, दिगोपना लगायतका विषयहरूमा जानकारी लिई अन्तिम प्रतिवेदन तयार गरि सम्बन्धित कार्यालय समाज कल्याण परिषद्मा पेश गरेको थियो ।

## ७. परियोजना सम्बन्धित तस्विरहरू




स्यापोरो वाटरवर्क्स ब्यूरो जापानका प्रतिनिधीहरूव्दारा नेपाल खानेपानी संस्थानको मुख्य कार्यालयमा शिष्टाचार भ्रमण




पानीको चुहावट व्यवस्थापन सम्बन्धी तालिम




पानीको गुणस्तर व्यवस्थापन सम्बन्धी तालिम

## (ङ) वातावरण संरक्षणका लागि वृक्षारोपण तथा सामुदायिक वन व्यवस्थापन कार्यक्रम

### १. परिचय

प्यारो हरियो नेपालले लवग्रीन जापानको सहयोगमा पाँचखाल नगरपालिकाको सामुदायिक वनको अवस्था सुधारका लागि **वातावरण संरक्षणका लागी वृक्षारोपण तथा सामुदायिक वन व्यवस्थापन कार्यक्रम** २०२४ अगस्त महिनादेखि संचालनमा ल्याएको थियो । कृषि सडक बिस्तारका क्रममा, प्राकृतिक प्रकोपका कारण भएको रूखहरूको क्षतिहरूको परिपूर्ति गर्न, सामुदायिक वनको प्रयोगमा कमी आएसँगै वन व्यवस्थापनको गतिविधि पनि कम भएको छ। परिणामत डढेलो तथा मानव र वन्यजन्तुको द्वन्द्ध बढेको हुँदा यस क्षेत्रका कृषकहरूमा जनजीवनमा समस्या उत्पन्न गरेको छ । यी समस्या समाधानका लागि फलफूलका विरूवा रोपण, वन सम्वर्द्धनका क्रियाकलपहरूको साथै जनचेतनामूलक कार्यक्रमहरू संचालनका लागि यो परियोजनाले मूख्यरूपमा काम गरेको छ ।

यो परियोजनाले मूख्यतया पाँचखाल नगरपालिकाको वडा नं ४ मा अवस्थित बोक्से सामुदायिक वन उपभोक्ता समितिसँग सम्झौता गरि फलफूलका विरूवा रोपण, वन सम्वर्द्धनका क्रियाकलपहरूको साथै जनचेतनामूलक कार्यक्रमहरू संचालन गरेको छ । सामुदायिक वन व्यवस्थापन तालिम लगायतका क्रियाकलापहरूले सामुदायिक वनले संचालन गर्ने गतिविधिहरूमा सदस्यहरूको सहभागिता बढेको छ ।

### २. संचालित क्रियाकलापहरू

२.१. कार्यक्रम संचालनकालागि सामुदायिक वनसँग सम्झौताः

वातावरण संरक्षणका लागी वृक्षारोपण तथा सामुदायिक वन व्यवस्थापन कार्यक्रम अन्तर्गतका क्रियाकलपहरू संचालन गर्नका लागि प्यारो हरियो नेपाल, बोक्से सामुदायिक वन उपभोक्ता समुह र ४ नं. वडा कार्यलयविच २०८१ साल श्रावण १७ गतेका दिन त्रीपक्षीय सम्झौता गरीएको थियो। उक्त सम्झौतामा प्यारो हरियो नेपालले कार्यक्रम संचालनका प्रदान गर्ने रकम, ६०० बिरूवा रोपण, वन सरसफाईको लागि आवश्यक औजारहरू उपलब्ध गराउने, अनुगमन गरी सल्लाह सुझाब दिने र प्राँगारिक मल बनाउने तालिम संचालन गर्ने कुरा उल्लेख गरीएको छ भने ४ नं वडा कार्यालयले स्थलगत अनुगमन गरी सल्लाह दिने, थप कार्यको लागि नीति तथा बजेट व्यवस्थापनमा सहयोग गर्ने कुरा उल्लेख गरीएको छ। त्यस्तै बोक्से सामुदायिक वनले झाडी सरसफाई गर्ने, खाडल तयार गर्ने, बिरूवा रोप्ने, त्यसको रेखदेख गर्ने, पूनर्भरण पोखरी निर्माण गर्ने, अनुगमन गराउने, खर्चको अभिलेखिकरण गर्ने आदी क्रियाकलापहरू संचालन गर्ने उल्लेख गरिएको छ

### २.२ झाडी सरसफाई



यस कार्यक्रम अन्तर्गत बोक्से सामुदायिक वन उपभोक्ता समूहले वृक्षरोपण स्थलको झाडी सरसफाई गरेको थियो । संकलित झारपातहरूलाई एकत्रित गरी कम्पोष्ट तयार गरिएको थियो ।
यस सामुदायिक वन क्षेत्रमा रहेको झाडीहरू २०८१ साल मंसिर महिनामा देखि थप रुपमा कटान गरी वन क्षेत्रको सरसफाई गरिएको थियो। जसले गर्दा रूख विरूवाहरूको वृद्धि विकासमा सहयोग पुग्नुको साथै वन डढ्लो फैलने र नियन्त्रण गर्न पनि सहज

हुने हेतुले यस परियोजनामा वन सम्वर्द्धन क्रियाकलाप अन्तर्गत झाडी सरसफाईलाई प्रथमिकता दिएको थियो ।

### २.३ वृक्षारोपण कार्यक्रम



संस्थाको सहयोगमा बोक्से सामुदायिक वनमा २०८१ साल श्रावण ३० गते देखि एक सप्ताह वृक्षरोपण गरिएको थियो। उक्त वन क्षेत्रमा वन पैदावर तथा फलफूलको विरूवा रोप्ने योजना अनुसार चाँप, रूख कटहर, पैंयु, अम्बा प्रजातिका विरूवाहरू रोपिएको थियो। कार्यक्रमको शुभारम्भ प्रमुख अतिथि पाँचखाल नगरपालिका वडा नं ४ का वडा अध्यक्ष श्री सुन्दर तामाङ तथा अतिथिहरू प्यारो हरियो नेपालका कार्यकारी निर्देशक श्री नारायण प्रसाद ज्ञवाली, लवग्रीन जापानका कार्यकारी निर्देशक श्री तोमोको सुजुकी र बोक्से सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष श्री तेज प्रसाद न्यौपानेले संयुक्त रूपमा चाँपको विरूवा रोपेर गर्नुभएको थियो । यस सामुदायिक वन क्षेत्रमा कुल ६१२ बिरूवाहरू रोपिएको छ। उक्त वृक्षरोपण कार्यको लागि सबै विरूवाहरू लवग्रीन नेपालले ढुवानीको व्यवस्था सहित निशुल्क उपलब्ध गराएको थियो । बिरूवा विवरण अनुसूचि १ मा उल्लेख गरीएको छ ।



### २.४ बिरुवा हेरविचार, गोडमेल तथा छापो

संस्थाको सहयोगमा वृक्षारोपण पश्चात एक वर्षको नियमित हेरविचारका लागि हेरालुको व्यवस्था गरिएको छ । यसको साथै विरूवाहरू नजिकका झारपात निकाल्ने, विरूवाहरूलाई टेको दिने, विरूवामा छापो दिने तथा गोडमेलको कार्य २०८१ साल कार्तिक देखि मंसिर सम्म बोक्से सामुदायिक वनले जनशक्ति परिचालन गरि सम्पन्न गरेको थियो । बहुवर्षे विरूवाहरू नर्सरीमा उत्पादन गरि रोपिएको हुँदा बिरूवाहरूको ५ % असफल भएको र अन्य विरूवाहरू वृद्धि विकास राम्रो रहेको छ ।

### २.५.पूनर्भरणपोखरी निर्माण



सामुदायिक वन क्षेत्रमा मूल संरक्षण तथा विरूवाहरूलाई पूनर्भरणको माध्यमबाट सिंचित गर्न सकियोस, वन्यजन्तुहरूलाई पनि आवश्यक पानीको परिपूर्ति होस भन्ने हेतुले वर्षातको पानी संकलनका लागि बोक्से सामुदायिक वन क्षेत्रमा ४ वटा पूनर्भरण पोखरी निर्माण गरिएको छ । लम्बाई १० मिटर, चौडाई ४ मिटर र गहिराई २ मिटरका चारवटा पूनर्भरण पोखरीहरू २०८२ साल असार महिनामा निर्माण कार्य सम्पन्न भएको छ ।

### २.६. वन व्यवस्थापन तालिम

सामुदायिक वनको महत्व, वन व्यवस्थापनका लागि आवश्यक पर्ने ज्ञान वन समुहका पदाधिकारी र उपभोक्ताहरूलाई प्रदान गरी दिगो वन व्यवस्थापनमा अग्रसर बनाउने उद्देश्यले संस्थाले सव डिभिजन

वन कार्यालय, महादेवस्थानसँग प्राविधक स मन्वय गरी ३ दिने सामुदायिक वन व्यवस्थापन तालिम २ पटक संचालन गरेको छ ।

पहिलो तालिम २०८१ साल पौष २४ गते देखि २६ गते सम्म सव डिभिजन वन कार्यालयको सभाहल पाँचखालमा संचालन गरेको थियो। तालिममा बोक्से सामुदायिक सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारी र उपभोक्ता गरी १९ जनाको नियमित उपस्थिति रहेको थियो ।

दोस्रो तालिम २०८२ साल असार १५ देखि १७ गते सम्म सव डिभिजन वन कार्यालयको सभाहल पाँचखालमा संचालन गरेको थियो। तालिममा बोक्से सामुदायिक सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारी र उपभोक्ता गरी १७ जना, २ जना पिस कर्पसका स्वयंसेवीहरूको सहभागिता रहेको थियो। सहभागीहरूको नामावली अनुसूची २ मा उल्लेख गरिएको छ।

तालिमको पहिलो दिन सामुदायिक वनको महत्व, अवसर र चुनौति, सामुदायिक वनमा पदाधिकारी र उपभोक्ताको काम कर्तव्य र उत्तरदायित्व, वन व्यवस्थापनका अवसर र चुनौतिहरूको विषयमा छलफल गरिएको थियो।तालिमको दास्रो दिन वन सम्वर्द्धनका कार्यहरू, वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन, वनमा सुशासन, माईनुट लेखन तथा समुहमा बैठक व्यवस्थापनको विषयवस्तुहरू प्रस्तुत तथा छलफल गरिएको थियो। तेस्रो दिन समुहमा लेखा प्रणाली व्यवस्थापन, जलवायु परिवर्तन र वन, वन डढेलो तथा वन अपराधका विषयमा छलफल गरिएको थियो।

तालिममा सव डिभजन कार्यालयका वन अधिकृत श्री दिनेश सत्याल, रेन्जरहरू श्री राजकमल तिमल्सिना, श्री प्रेक्षा खनाल र श्री ममता शर्माले सहजीकरण गर्नु भएको थियो।

## २.७ वन व्यवस्थपनको लागि औजार बितरण

सामुदायिक वन क्षेत्रको व्यवस्थापनमा पछिल्लो समयमा उत्साह कम देखिएको छ। बढ्दो विदेश पलायन, शहर कन्द्रित बसाईसराई, सहजरूपमा नीजि जग्गाबाट वनपैदावरहरूको उपलब्धता जस्ता कारणहरूले सामुदायिक वन व्यवस्थापन चुनौतीको रूपमा रहेको छ। आधुनिकतासँग प्रविधिहरूको सहज उपलव्धतासँगै जनशक्ति व्यवस्थापनमा पनि सहयोग पुगेस, यन्त्रिकरण सँगै वन व्यवस्थापको काम सहज बनोस भन्ने हेतुले प्यारो हरियो नेपालले बोक्से सामुदायिक वनलाई रूख काट्ने चेन स १ थान, करौंती २ थान, हेलमेट ४ थान, स्फटि बेल्ट १ थान बुट ४ थान, पन्जा ४ जोर लगायतका समाग्रीहरू खरिद गरि २०८१ साल माघ २४ गते लवग्रीन जापानका प्रतिनिधि मासाको किमुराले बोक्से सामुदायिक वनका अध्यक्ष श्री तेज प्रसाद न्यौपानेलाई हस्तान्तरण गर्नुभएको थियो ।

उक्त कार्यक्रममा वनका उपभोक्ताहरूलाई रूखहरू कसरी एक्ल्याउने, पत्ल्याउने, काँटछाँट कसरी गर्ने र सो कार्यमा वितरित समाग्रीहरूको प्रयोग कसरी गर्ने भन्ने विषयमा सव डिभिजन कार्यालयका प्रमुख श्री दिनेश सत्यालले जानकारी दिनुभएको थियो । जसको प्रयोगात्मक अभ्यास पनि गरिएको थियो ।



## २.८. विद्यालयमा वातावरणीय शिक्षा

संस्थाले पाँचखाल नगरपालिका वडा नं ४ मा अवस्थित दुग्धेश्वर माध्यामिक विद्यालयका १९ जना विद्यार्थीहरूलाई सामुदायिक वनको विषयमा जानकारी गराउने उद्देश्यले वातावरणीय शिक्षा अन्तर्गन वन अवलोकन तथा पहिचानका लागि वन भ्रमणको २०८१ पौष २ गते आयोजना गरिएको थियो।उक्त कार्यक्रममा सहभागी

विद्यार्थीहरूलाई ४ भागमा विभाजन गरी वनमा उपलब्ध वनस्पतिहरूको पात संकलन र त्यसको नामाकरणको काम गरीएको थियो। साथमा त्यस वनमा उपलब्ध वन्यजन्तुको पहिचान हुन सक्ने चिजहरूको पनि संकलन गरीएको थियो। विद्यार्थीहरूले अधिकतम ८७ जातहरूको पहिचान गरेका थिए । केही जातहरूको पहिचान गर्न तथा वन सम्वन्धि जानकारी दिन विद्यार्थीहरूलाई संस्थाका प्रतिनिधिहरू, शिक्षक तथा वनका पदाधिकारीहरूले सहजीकरण गर्नुभएको थियो ।

### २.९ विश्व वातावरण दिवस

हरेक वर्ष झैं संस्थाले विश्व वातावरण दिवस पारेर वृक्षरोपणको कार्यलाई निरन्तरता दिदै आएको छ । २०२५ जून ५ तारिखमा सव डिभिजन वन र ठूली सामुदायिक वन, पाँचखाल ३, ५ र ६ को आयोजनमा भएको वृक्षारोपण कार्यक्रममा संस्थाले कार्यक्रमलाई कटहर, कपुर, विरेन्द्र फूल, गिन्को वाईलवा, धुपी , गुलाबजामुन, तेजपात, अमला गरेर ५० वटा विरूवा निशुल्क उपलब्ध गराएको थियो र वृक्षारोपणमा संस्थाका प्रतिनिधिहरू पनि सहभागी भएका थिए।सोही अवसरमा सशस्त्र प्रहरी गण पाँचखालले कार्यालय परिसरमा रोप्नको लागि माग भए बमोजिम रूख कटहर ३ वोट, विरेन्द्र फूल ५ वोट, धुपी १३ वोट, गुलाब जामुन ५ वोट, अनार ५ वोट, रूद्राक्ष २ वोट, तेजपत्ता ५ बोट गरी ३८ वोट विरूवा उपलब्ध गराईएको थियो ।

साथै जून १० तारिखमा विश्व वातावरण दिवस सप्ताह पारेर बोक्से सामुदायिक वनको लामिडाँडा क्षेत्रमा तेजपात १० वोट, रूख कटहर २० वोट, गुलाब जामुन १० वोट, अमला १० वोट, गिन्को २ वोट र अम्बा ५ वोट गरी ५७ वोट थप विरूवा संस्थाका कार्यकारी निर्देशक, लवग्रीन जापानका प्रतिनिधि, संस्थाका कर्मचारीहरू र वनका पदाधिकारीहरूले संयुक्तरूपमा वृक्षारोपण गरिएको थियो ।

### २.१० कम्पोष्ट मल बनाउने तालिम

संस्थाले वन क्षेत्रमा रहेका झाडीहरूको व्यवस्थापन गर्न उपभोक्ताहरूलाई कम्पोष्ट बनाउन प्रेरित गरेको छ । संस्थाको आयोजनामा २०८१ साल माघ २४ र २०८२ साल असार १९ गतेका दिन उपभोक्ताहरूलाई कम्पोष्ट बनाउने तालिम प्रदान गरेको छ। पहिलो तालिममा उपभोक्ताहरू १४ र संस्थाका प्रतिनिधिहरू सहभागितामा वन क्षेत्रमा खेर गएका वनस्पतिहरूलाई संकलन गरी कुहाउने जैविक तत्व मिसाई ५०० के.जी.कम्पोष्ट तयार गरिएको थियो ।



त्यस्तै दोस्रो पटक २०८२ साल असार १९ गतेका दिन सामुदायिक वनका १७ जनाको सहभागीतामा उपभोक्ताहरूलाई सामुदायिक वनमा सामुदायिक रूपमा कसरी कम्पोष्ट मल तयार गर्न सकिन्छ र यसको उपयोगिताको विषयमा छलफल गरी यसको बनाउने विधि सिकाइएक थियो ।सहभागीहरूको उत्साहजनक सहभागीता कम्पोष्ट तयार गरिएको थियो।

### ३.११ उपभोक्ता समितिको बैठक

संस्थाले हरेक क्रियाकलापहरू संचालन पूर्व बोक्से सामुदायिक वनका पदाधिकारीहरूसँग बैठक बसी सो कार्य संचालन बारे औपचारिक तथा अनौपचारिक बैठक बसी छलफल गरि कार्यसम्पादन योजना तय गरिएको थियो। यस अवधिमा ६ वटा बैठक आयोजना गरिएको थियो ।

## ४. संचालित क्रियाकलापहरूको तथ्याङ्कगत विवरण

| क्र.सं. | क्रियाकलाप | परिमाण | सहभागिता |
|---|---|---|---|
| १ | वृक्षरोपण | ७५७ | १०० |
| २ | झाडी सरसफाई | २ | ४० |
| ३ | ३ दिने सामुदायिक वन व्यवस्थापन तालिम | २ | ३८ |
| ४ | कम्पोष्ट बनाउने तालिम | २ | ३१ |
| ५ | पूनर्भरण पोखरी | ४ | |
| ६ | विद्यालयमा वातावरणीय शिक्षा | १ | १९ |
| ७ | उपभोक्ता समितिको बैठक | ६ | ८ |

## अनुसूची १: परियोजना अन्तर्गत रोपिएका विरूवाहरूको विवरण

| क्र.सं. | विरूवाको नाम | संख्या | वृक्षरोपण स्थल |
|---|---|---|---|
| १ | मकेडेमिया नट | ११ | बोक्से सामुदायिक वन |
| २ | तेजपत्ता | ४० | बोक्से सामुदायिक वन |
| ३ | गुलाब जामुन | ६० | बोक्से सामुदायिक वन |
| ४ | कपुर | १० | बोक्से सामुदायिक वन |
| ५ | पैंयु | ४० | बोक्से सामुदायिक वन |
| ६ | विरेन्द्र फूल | १० | बोक्से सामुदायिक वन |
| ७ | रूद्राक्ष | २० | बोक्से सामुदायिक वन |
| ८ | कटहर | २२० | बोक्से सामुदायिक वन |
| ९ | बकाईनो | २० | बोक्से सामुदायिक वन |
| १० | गिन्को वाईलवा | १२ | बोक्से सामुदायिक वन |
| ११ | धूपी | १० | बोक्से सामुदायिक वन |
| १२ | एभोकाडो | २५ | बोक्से सामुदायिक वन |
| १३ | अमला | ३५ | बोक्से सामुदायिक वन |
| १४ | अनार | १० | बोक्से सामुदायिक वन |
| १५ | चाँप | ६० | बोक्से सामुदायिक वन |
| १६ | अम्वा | ६६ | बोक्से सामुदायिक वन |
| १७ | फलिँड | ४ | बोक्से सामुदायिक वन |
| १८ | घन्टी फूल | ५ | बोक्से सामुदायिक वन |
| १९ | रिट्ठा | १ | बोक्से सामुदायिक वन |
| २० | गुलमोहर | १ | बोक्से सामुदायिक वन |
| २१ | खयर | ४ | बोक्से सामुदायिक वन |

| | | | |
|---|---|---|---|
| २२ | वर | २ | बोक्से सामुदायिक वन |
| २३ | पिपल | २ | बोक्से सामुदायिक वन |
| २४ | करविर | १ | बोक्से सामुदायिक वन |
| २५ | रूख कटहर | ३ | सशस्त्र प्रहरी गण, पाँचखाल |
| २६ | विरेन्द्र फूल | ५ | सशस्त्र प्रहरी गण, पाँचखाल |
| २७ | धुपी | १३ | सशस्त्र प्रहरी गण, पाँचखाल |
| २८ | गुलाब जामुन | ५ | सशस्त्र प्रहरी गण, पाँचखाल |
| २९ | अनार | ५ | सशस्त्र प्रहरी गण, पाँचखाल |
| ३० | रूद्राक्ष | २ | सशस्त्र प्रहरी गण, पाँचखाल |
| ३१ | तेजपत्ता | ५ | सशस्त्र प्रहरी गण, पाँचखाल |
| ३२ | कटहर | १० | ठूली सामुदायिक वन |
| ३३ | कपुर | ५ | ठूली सामुदायिक वन |
| ३४ | विरेन्द्र फूल | ५ | ठूली सामुदायिक वन |
| ३५ | गिन्को वाईलवा | ५ | ठूली सामुदायिक वन |
| ३६ | धुपी | १० | ठूली सामुदायिक वन |
| ३७ | गुलाबजामुन | ५ | ठूली सामुदायिक वन |
| ३८ | तेजपात | ५ | ठूली सामुदायिक वन |
| ३९ | अमला | ५ | ठूली सामुदायिक वन |
| जम्मा | | ७५७ | |

**अनुसूचि-२: सामुदायिक वन व्यवस्थापन तालिमका सहभागीहरू**

| क.सं. | सहभागीहरूको नाम | ठेगाना |
|---|---|---|
| पहिलो तालिम | | |
| १ | तेज प्रसाद न्यौपाने | मण्डन देउपुर नगरपालिका वडा नं. ११ |
| २ | सानुकान्छी दनुवार | पाँचखाल नगरपालिका वडा नं. ४ |
| ३ | अर्चना दनुवार | पाँचखाल नगरपालिका वडा नं. ४ |
| ४ | सुलोचना दनुवार | पाँचखाल नगरपालिका वडा नं. ४ |
| ५ | विष्णुमाया श्रेष्ठ | पाँचखाल नगरपालिका वडा नं. ४ |
| ६ | गोपाल श्रेष्ठ | पाँचखाल नगरपालिका वडा नं. ४ |
| ७ | जमुना दनुवार | पाँचखाल नगरपालिका वडा नं. ४ |
| ८ | गोपीनि गिरी | पाँचखाल नगरपालिका वडा नं. ४ |
| ९ | ज्ञानीमाया दनुवार | पाँचखाल नगरपालिका वडा नं. ४ |
| १० | इन्द्र बहादुर ठकुरी | पाँचखाल नगरपालिका वडा नं. ४ |
| ११ | तिल बहादुर तामाङ | पाँचखाल नगरपालिका वडा नं. ४ |
| १२ | शुशिला खत्री | पाँचखाल नगरपालिका वडा नं. ४ |
| १३ | सरिता दनुवार | पाँचखाल नगरपालिका वडा नं. ४ |
| १४ | नर बहादुर दनुवार | पाँचखाल नगरपालिका वडा नं. ४ |
| १५ | सुजना दनुवार | पाँचखाल नगरपालिका वडा नं. ४ |

| | | |
|---|---|---|
| १६ | आर्जुला दनुवार | पाँचखाल नगरपालिका वडा नं. ४ |
| १७ | सप्तलाल श्रेष्ठ | पाँचखाल नगरपालिका वडा नं. ४ |
| १८ | सुर्य बहादुर ठकुरी | पाँचखाल नगरपालिका वडा नं. ४ |
| १९ | कान्छा दनुवार | पाँचखाल नगरपालिका वडा नं. ४ |
| २० | अर्जुन न्यौपाने | मण्डन देउपुर नगरपालिका वडा नं. ११ |
| दोस्रो तालिम | | |
| २१ | तेज प्रसाद न्यौपाने | मन्डन देउपुर न.पा. वडा नं ११ |
| २२ | अर्जुन तिमल्सिना | पाँचखाल न.पा. वडा नं ७ |
| २३ | राम कुमार लामा | पाँचखाल न.पा. वडा नं ४ |
| २४ | राजकुमार श्रेष्ठ | पाँचखाल न.पा. वडा नं ४ |
| २५ | रामजी दनुवार | पाँचखाल न.पा. वडा नं ४ |
| २६ | सरिता दनुवार | पाँचखाल न.पा. वडा नं ४ |
| २७ | नगमा दनुवार | पाँचखाल न.पा. वडा नं ४ |
| २८ | नानीमैँया श्रेष्ठ | पाँचखाल न.पा. वडा नं ४ |
| २९ | सबिता दनुवार | पाँचखाल न.पा. वडा नं ४ |
| ३० | अस्मिता लामा | पाँचखाल न.पा. वडा नं ४ |
| ३१ | सूर्यलक्ष्मी श्रेष्ठ | पाँचखाल न.पा. वडा नं ४ |
| ३२ | बिमला श्रेष्ठ | पाँचखाल न.पा. वडा नं ४ |
| ३३ | सिर्जना श्रेष्ठ | पाँचखाल न.पा. वडा नं ४ |
| ३४ | मोनिका लामा | पाँचखाल न.पा. वडा नं ४ |
| ३५ | संजिला लामा | पाँचखाल न.पा. वडा नं ४ |
| ३६ | शान्ति बयलकोटी | पाँचखाल न.पा. वडा नं ४ |
| ३४ | मोनिका लामा | पाँचखाल न.पा. वडा नं ४ |
| ३५ | संजिला लामा | पाँचखाल न.पा. वडा नं ४ |
| ३६ | शान्ति बयलकोटी | पाँचखाल न.पा. वडा नं ४ |
| ३७ | राममाँया तामाङ | पाँचखाल न.पा. वडा नं ४ |
| ३८ | बीना दमाई | पाँचखाल न.पा. वडा नं ४ |

अनुसूचि ३: कार्यक्रम सँग सम्बद्ध केही फोटोहरू:

| | |
|---|---|
|   |  |
| वृक्षारोपणको लागि खाडल तयार गर्दै | खाडल नापजाँच गर्दै प्राविधिक |
|  |  |
| बिरुवा ढुवानी गर्दै | |





बिरुवा ढुवानी गर्दै





वृक्षारोपण गर्दै



वृक्षारोपण गर्दै



वृक्षारोपण गरेको स्थल



विद्यालयमा वातावरण शिक्षा



झाडी सुधार





वन व्यवस्थापन तालिम



कम्पोष्ट मल बनाउने तालिम



पूनर्भरण पोखरी निर्माण

(च) संस्थाले गरेका विविध कार्यहरू

## १. कफी उत्पादन कार्यक्रम

संस्थाले धुलिखेल नगरपालिकाको अनुरोधमा धुलिखेल नगरपालिका वडा नं. १ देविटारका निम्न कृषकहरूलाई कफी उत्पादन कार्यक्रमका लागि ३००० अरेविका कफीका बिरुवा वितरण गरेको छ । उक्त कार्यक्रम १ नं. वडा कार्यालय, कृषक र संस्थाको त्रिपक्षीय लगानीमा गरिएको हो । प्रति बोट रु. ३० रुपियामा कृषकले रु. १०, संस्थाले रु. १० र वडा कार्यालयले रु. १० व्यहोरेका छन् । साथै कफी उत्पादनकालागि आवश्यक प्राविधिक सहयोग र फले पछि बिक्रि गरिदिने जिम्मा संस्थाले लिने गरी उक्त कार्य गरिएको हो । यस क्षेत्रलाई कफी उत्पादनको हवको रुपमा विकास गर्न धुलिखेल नगरपालिकासंग सहकार्य गरी आर्थिक वर्ष २०८२।०८३ मा पनि निरन्तरता दिने छ ।

| क. सं. | कृषकको नाम | टोलको नाम | बिरुवाको संख्या | क.सं. | कृषकको नाम | टोलको नाम | बिरुवाको संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | योगेश खालिङ | मितिनिछाप | ३०० | २० | लक्ष्मी तामाङ | मितिनिछाप | १३० |
| २ | उद्धव सापकोटा | मितिनिछाप | ५० | २१ | काइली तामाङ | मितिनिछाप | ६० |
| ३ | गुणराज तामाङ | मितिनिछाप | ३७ | २२ | माया तामाङ | लामाटोल | ६० |
| ४ | रामकृष्ण घोरासाईने | मितिनिछाप | ४० | २३ | पेम्वा तामाङ | लामाटोल | ३०० |
| ५ | प्रकाश घोरासाईने | मितिनिछाप | १५ | २४ | अनिल तामाङ | छहरे | ३०० |
| ६ | वालकृष्ण घोरासाईने | मितिनिछाप | ३० | २५ | सञ्चमाया तामाङ | छहरे | ६० |
| ७ | रुपेश घोरासाईने | मितिनिछाप | ३० | २६ | मिनकुमारी तामाङ | छहरे | ५० |
| ८ | विक्रम तामाङ | गोठडाँडा | ५० | २७ | सुरेश तामाङ | छहरे | ३० |
| ९ | माईली तामाङ | गोठडाँडा | १५ | २८ | पञ्चलाल तामाङ | देविटार | ५० |
| १० | लाक्पा तामाङ | गोठडाँडा | ३० | २९ | चन्द्रबहादुर तामाङ | देविटार | ३५ |
| ११ | सुरेश तामाङ | गोठडाँडा | २० | ३० | सोमबहादुर तामाङ | देविटार | ४० |
| १२ | लाली तामाङ | गोठडाँडा | १५ | ३१ | मंगली तामाङ | देविटार | ५० |
| १३ | सर्मिला तामाङ | गोठडाँडा | ४० | ३२ | पाल्टेन तामाङ | लामाटोल | ४५ |
| १४ | नानी माया तामाङ | गोठडाँडा | २५० | ३३ | लालबहादुर तामाङ | लामाटोल | ४० |
| १५ | लालबहादुर तामाङ | गोठडाँडा | ४० | ३४ | सुन्तली योन्जन | लामाटोल | १० |
| १६ | रामबहादुर तामाङ | देविटार | ३० | ३५ | उमेश मगर | छहरे | १० |
| १७ | शर्मिला तामाङ | देविटार | २०० | ३६ | धर्मबहादुर तामाङ | छहरे | ८० |
| १८ | माईली तामाङ | देविटार | ११० | ३७ | भिमबहादुर तामाङ | छहरे | २६७ |
| १९ | बुधे लामा | देविटार | ५४ | | | | |

## २. बहुउद्देश्यीय बिरुवा उत्पादन कार्यक्रम

संस्थाले पाँचखाल नगरपालिका-६, बखेल्डीहीस्थित संस्थाको आफ्नै जग्गामा नर्सरी स्थापना गरी वन पैदावर, डालेघाँस, फलफूल, सौन्दर्यजन्य फूल तथा धार्मिक र वातावरणीय महत्वका बिरुवाहरू उत्पादन गर्ने कार्य गर्दै आएको छ । नर्सरी स्थापना कार्यक्रमको उद्देश्य गुणस्तरीय बिरुवा उत्पादन गरी स्थानीय तहमा उपलब्ध गराउने रहेको छ । यस नर्सरीमार्फत उत्पादन भएका वन पैदावर, डालेघाँस तथा धार्मिक र वातावरणीय महत्वका बिरुवाहरू सामुदायिक वन, विद्यालय तथा सार्वजनिक स्थानहरूमा वृक्षारोपण

प्रयोजनका लागि निःशुल्क वितरण गरिएको छ । साथै, समयानुकूल वृक्षारोपण कार्यक्रमहरू आयोजना गरी सम्बन्धित स्थानहरूमा बिरुवा रोपाइँ कार्यसमेत सम्पन्न हुँदै आएको छ । परियोजनामा उपलब्धताअनुसार कृषकहरूलाई आवश्यक डालेघाँस, वन पैदावर तथा अन्य बिरुवाहरू निःशुल्क उपलब्ध गराइने गरिएको छ भने फलफूलका बिरुवाहरू अनुदानमा वितरण गरिदै आएको छ। चालु आर्थिक वर्षमा सामुदायिक वन उपभोक्ता समिति, विद्यालयहरू, कृषक र सशस्त्र प्रहरीबलमा निम्नानुसारका ५०२ बिरुवा रोपिएको थियो । स्थानीय परियोजना क्षेत्रबाहेक अन्यत्र बिक्री भएका बिरुवाहरूबाट प्राप्त रकम पूनः बिरुवा उत्पादनमा खर्च गर्ने गरिएको छ ।

**निःशुल्क बितरित बिरुवाको बिवरणः**

| क्र.सं. | बिरुवाको नाम | सङ्ख्या | साईज | उमेर | विद्यालयको नाम |
|---|---|---|---|---|---|
| १ | मैयुर पंखी धुपी | ६ | २ फिट | १४ महिना | दुग्धेश्वर माध्यमिक विद्यालय, पाँचखाल नगरपालिका वडा नं.४ |
| २ | गोल्डेन धुपी | २ | २ फिट | १२ महिना | |
| ३ | केराउटन | १ | २ फिट | १२ महिना | |
| ४ | ब्रम्ह कमल | १ | १ फिट | १२ महिना | |
| ५ | हर्ट ब्लडीङफुल | १ | २ फिट | ९ महिना | |
| ६ | बिरेन्द्र फुल | १ | २ फिट | १३ महिना | |
| जम्मा | | १२ | | | |

| क्र.सं. | बिरुवाको नाम | सङ्ख्या | साईज | उमेर | अफिसको नाम |
|---|---|---|---|---|---|
| १ | मयुर पंखी धुपी | ५ | २ फिट | १८ महिना | ठुली सामुदायिक वनउपभोक्ता समिति पाँचखाल नगरपालिका वडा नं.३,६ |
| २ | गिन्को | ५ | ३ फिट | २४ महिना | |
| ३ | रुख कटर | १० | १ फिट | १२ महिना | |
| ४ | कपुर | ५ | २ फिट | २२ महिना | |
| ५ | गुलाफजामुन | ५ | १ फिट | ९ महिना | |
| ६ | बिरेन्द्र फुल | ५ | १ फिट | १२ महिना | |
| ७ | तेजपात | ५ | १ फिट | १८ महिना | |
| ८ | धुपी गोल्डेन | ५ | २ फिट | १८ महिना | |
| ९ | अमला | ५ | १ फिट | १२ महिना | |
| जम्मा | | ५० | | | |
| क्र.सं. | बिरुवाको नाम | सङख्या | साईज | उमेर | अफिसको नाम |
| १ | रुखकटर | ६ | १ फिट | १२ महिना | सशस्त्र प्रहरी बल पाँचखाल नगरपालिका |
| २ | बिरेन्द्र फुल | १० | २ फिट | १० महिना | |
| ३ | धुपी मयुरपंखी | १० | १ फिट | १२ महिना | |
| ४ | धुपी लण्डन | २ | १.५ फिट | १५ महिना | |
| ५ | धुपी गोल्डेन | १२ | २ फिट | १७ महिना | |
| ६ | गुलाफ जामुन | १० | २ फिट | १२ महिना | |
| ७ | अनार | १० | २ फिट | १२ महिना | |
| ८ | रुद्राक्ष | ४ | ३ फिट | १५ महिना | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | तेजपात | १० | १ फिट | १२ महिना | |
| जम्मा | | ७४ | | | |
| **क्र.सं.** | **बिरुवाको नाम** | **सङ्ख्या** | **साईज** | **उमेर** | **विद्यालयको नाम** |
| १ | निलकाँडा | ५ | १ फिट | ११ महिना | सृजना आधारभूत विद्यालय, पाँचखाल नगरपलिका वडा नं.१ |
| २ | बिरेन्द्र फुल | २ | २ फिट | १४ महिना | |
| ३ | धुपी मैयुरपंखी | ५ | १.५ फिट | १३ महिना | |
| ४ | लालुपाते | ५ | १.५ फिट | १२ महिना | |
| ५ | गुलाफ जामुन | १ | १.५ फिट | १४ महिना | |
| ६ | गुलाफ जामुन | ५ | २ फिट | १२ महिना | |
| ७ | रुख कटर | २ | २ फिट | १२ मदिना | |
| ८ | अमला | २ | ३ फिट | १५ महिना | |
| ९ | धुपी गोल्डेन | १ | २ फिट | १८ महिना | |
| **जम्मा** | | **२८** | | | |

| **क्र.सं.** | **बिरुवाको नाम** | **सङ्ख्या** | **साईज** | **उमेर** | **विद्यालयको नाम** |
|---|---|---|---|---|---|
| १ | निलकाडा | ८५ | १ फिट | १४ महिना | सर्बमंगला माध्यमिक विद्यालय, पाँचखाल नगरपालिका वडा नं.३ |
| २ | बिरेन्द्र फुल | १० | २ फिट | १३ महिना | |
| ३ | धुपी मैयुरपंखी | ५ | १ फिट | १२ महिना | |
| ४ | कपुर | ५ | १.५ फिट | १२ महिना | |
| ५ | बेगमबेली | ४ | २ फिट | १२ महिना | |
| ६ | रातकीरानी | ११ | १ फिट | १२ महिना | |
| ७ | लालुपाते | २० | १.५ फिट | १२ मदिना | |
| ८ | गुलाफ जामुन | २ | १ फिट | १२ महिना | |
| ९ | अमला | २ | १ फिट | १२ महिना | |
| **जम्मा** | | **१४४** | | | |

| क्र.स | बिरुवाको नाम | सङ्ख्या | साईज | उमेर | विद्यालयको नाम |
|---|---|---|---|---|---|
| १ | कपास फुल | १ | १ फिट | १२ महिना | नवप्रतिभा माध्यमिक विद्यालय, पाँचखाल नगरपालिका वडा नं. ६ |
| २ | लालुपाते | २ | १ फिट | १२ महिना | |
| ३ | धुपी मैयुरपंखी | २ | १ फिट | १२ महिना | |
| ४ | गुलाफ जामुन | २ | २ फिट | १२ महिना | |
| ५ | घण्टी फुल | २ | १ फिट | १२ महिना | |
| ६ | धुपी गोल्डेन | १ | १ फिट | १२ महिना | |
| **जम्मा** | | **१०** | | | |

| क्र.सं. | बिरुवाको नाम | सङ्ख्या | साईज | उमेर | अफिसको नाम |
|---|---|---|---|---|---|
| १ | धुपी मैयुरपंखी | २४ | १ फिट | २४ महिना | अनैंकोट अफिस मार्फत |
| २ | लालुपाते | २५ | १ फिट | १२ महिना | |
| ३ | कागती | १०० | १ फिट | १२ महिना (दिपक जीद्धारा कृषकलाई) | |
| ३ | जामुन | १० | १ फिट | १२ महिना | (दिपकजी द्धारा कृषकलाई) |
| | **जम्मा** | **१५९** | | | |

| क्र.सं. | बिरुवाको नाम | सङ्ख्या | साईज | उमेर | विद्यालयको नाम |
|---|---|---|---|---|---|
| १ | धुपी मयुरपंखी | १० | १ फिट | २४ महिना | जोरपाटी माध्यमिक विद्यालय, पाँचखाल नगरपालिका वडा नं.६ |
| २ | रुखकटर | १० | १ फिट | १२ महिना | |
| ३ | लालुपाते | ८ | १ फिट | १२ महिना | |
| ४ | गिन्कोबाईलोवा | २ | १ फिट | १२ महिना | |
| ५ | धुपी मयुरपंखी | २० | १ फिट | २४ महिना | कालिका माध्यमिक विद्यालय, पाँचखाल नगरपालिका वडा नं.१ |
| | **जम्मा** | **३५** | | | |

**नर्सरीका केही तस्बिरहरूः**





कफीका बिरुवा हुकाईदै





नर्सरीको दृश्य

## ३. प्राङ्गारिक नमुना कृषि फार्म संचालन

संस्थाले विगत १७ वर्षदेखि पाँचखाल नगरपालिका-२ मा प्राङ्गारिक कृषि नमुना फार्म सञ्चालन गर्दै आएको छ, जसको उद्देश्य साना किसानहरूले न्यूनतम जग्गाको अधिकतम उपयोगमार्फत जीविकोपार्जन गर्ने नमुना प्रस्तुत गर्नु रहेको छ । फार्ममा हाल पाँचवटा गाईवस्तु पाल्नेतथा मौसम र बेमौसमी तरकारी खेती गरी बिक्री गर्ने, बहुवर्षीय घाँसका बिरुवाहरू उत्पादन गरी कृषकलाई निःशुल्क वितरण गर्ने तथा कृषि र पशुपालन सम्बन्धी तालिम र प्राविधिक सेवा निःशुल्क उपलब्ध गराउने कार्य भइरहेको छ । यस फार्ममा जापानका विभिन्न विश्वविद्यालयका विद्यार्थी, प्राध्यापक र अनुसन्धानकर्ताहरू नियमित रूपमा अध्ययन तथा अवलोकनका लागि आउने गरेका छन् । यस आर्थिक वर्षमा मात्र ४६ जना जापानी नागरिकहरू र १० जना नेपालीहरूले आई अधिकतम तीनसम्म बसी संस्थाका प्रतिनिधि, स्थानीय बुद्धिजीवी, कृषक र विद्यार्थीहरूसँग अन्तर्क्रिया गरेका थिए ।




प्राङ्गारिक नमुना कृषि फार्मको दृश्य




जापानबाट आउनु भएका पाहुनाहरूद्वारा छलफल तथा अवलोकन

(छ) आर्थिक वर्ष २०८१।०८२ को अपरिक्षित आयव्यय विवरण

| व्यय विवरण | रकम | आय विवरण | रकम |
|---|---|---|---|
| **साधारण खर्च** | २१,२७,७९३।४७ | अनुदान सहायता | ३,९०,४८,४५७९२ |
| **परियोजना खर्च** | | वितिय आम्दानी | २६,९०,५२९।२३ |
| वातावरण संरक्षणकालागि वृक्षरोपण र सामुदायिक वन व्यवस्थापन | १५,८९,४१४।०० | अन्य आम्दानी | ८९,६१६।०० |
| स्थानीय कृषि र सामुदायिक चेतनामार्फत बालपोषण सुधार परियोजना | १,००,६५०।०० | | |
| श्री कालिदेवि माध्यमिक विद्यालय छात्रावास भवन निर्माण परियोजना | ९५,३९,१२५।०० | | |
| पुस्तकालय स्थापना परियोजना | ६९,५१,४५१।०० | | |
| खाने पानी वितरण सेवा तथा व्यवस्थापन प्रणालीमा सुधारका लागि प्राविधिक सहयोग परियोजना | २६,२९,२२१।०० | | |
| छात्रवृत्ति वितरण तथा क्षमता अभिवृद्धि कार्यक्रम | १२,७२,७५५।०० | | |
| ताजा आईपिएम तरकारी उत्पादन तथा बजार प्रवर्द्धन कार्यक्रम | १,०९,०७,४५२।३२ | | |
| वातावरणमैत्री एकिकृत दिगो कृषि विकास परियोजना फलो अप कार्यक्रम | २,१४,९७८।०० | | |
| कर्मचारी खर्च | ४४,९६,७८५।०० | | |
| ह्रास कट्टि खर्च | ६,०२,०७२।०८ | | |
| अनैंकोट फार्म र पाँचखाल नर्सरी व्यवस्थापन खर्च | ११,३६,४२८।०० | | |
| **कुल खर्च** | **४,१५,६८,१२४।८७** | **कुल आम्दानी** | **४,१८,२८,६०३।१५** |

आर्थिक वर्ष २०८१।०८२ को आय तथा विवरण अनुसार आम्दानी खर्च भन्दा रु. २,६०,४७८।२८ बढि भएको छ ।

## (ज) पाँचखाल नगरपालिकासंग भएका बैंठकको माईन्यूटका नमुनाहरू

आज मिति २०८१ साल माघ २३ गते बुधबारका दिन लक्ज्रीन नेपाल ताजा आई.पि.एम तरकारी उत्पादन तथा बजार प्रवर्द्धन परियोजना अन्तर्गत संचालित कार्यक्रम लगायत विविध विषयमा लक्ज्रीन नेपाल प्राविधिक, पाँचखाल नगरपालिका कृषि शाखाका प्राविधिक र राजश्व शाखाको कर्मचारी सम्मिलीत बैठक लक्ज्रीन नेपालका वरीष्ठ कृषि परियोजना अधिकृत रमेशनाथ रेग्मीज्यूको समुपस्थितीमा संचालन गरीयो।

उपस्थितिहरू :-

| क्र.सं. | नाम थर | संस्था/पद | फोन | दस्तखत |
|---|---|---|---|---|
| १. | रमेशनाथ रेग्मी | ल.ने. | ९८४९०६६८०४ | |
| २. | बिमल दुलाल | ल.ने. | ९८४९९६४९९९ | |
| ३. | हेमन्त सापकोटा | पाँचखाल कृषि शाखा | ९८६०९६८३०८ | |
| ४. | सुगम भेटवाल | ,, | ,, ९८६६३६९८४६ | |
| ५. | देवी प्र. गौतम | ल.ने. फिल्ड को. | | |
| ६. | गोविन्द प्र. पाण्डे | ल.ने. कृ.प्रा | | |
| ७. | दिपचन्द्र श्रेष्ठ | ल.ने. कृ.प्रा | | |
| ८. | रुपामाया दनुवार | पाँ.न.पा. राजश्व शाखा | ९८४५०९३३०४ | |
| ९. | सुमिता श्रेष्ठ | ल.ने. I.T.अ. | | |

प्रस्तावहरू :-

१. तरकारी बिक्रिकक्ष संचालन सम्बन्धमा।
२. कृषि मेला संचालन सम्बन्धमा।
३. आईपिएम तरकारी प्रमाणीकरण सम्बन्धमा।
४. विविध

प्रस्ताव नं १ माथि छलफल गर्दा पाँचखाल तामाघाटमा निर्मित तरकारी बिक्रिकक्ष संचालनमा आई.पि.एम. समूहलाई प्राथमिकता दिने समूह सहकारीलाई दिँदा समूह दर्ता, नविकरण, अडिट गरेको हुनुपर्ने, समूहको निर्णयअनुसार बिक्रि गर्ने व्यक्ति तोकेर गर्ने, कृषि उपजलगायत उद्यमका सामाग्रीहरू, कृषि सामाग्रीहरू बिक्रि वितरण गर्नको लागि आवश्यक व्यवस्थापन मिलाउने सरोकारवाला निकायको सल्लाह सुझाव समन्वय परामर्शको आधारमा संचालन गर्ने निर्णय गरीयो।

प्रस्ताव २ नं मा कृषि मेला २०८१ चैत महिनामा गर्ने कृषिसंग सम्बन्धित सरोकारवाला निकायको समन्वयात्मक रूपमा संचालन गर्ने निर्णय गरीयो।

प्रस्ताव नं ३ मा आई.पि.एम प्रविधिबाट उत्पादित तरकारीको प्रमाणिकरण मापदण्डको बारेमा नगरपालिकासंग थप छलफल गर्ने र विज्ञद्वारा प्रस्तुतीकरण गरी आवश्यक मापदण्ड तयार गर्ने निर्णय गरीयो।

प्रस्ताव नं ४ विविधमा सबै विषयमा नगरपालिकासँग बसेर थप छलफल समन्वय गरी समन्वयात्मक रूपमा अगाडि बढ्ने निर्णय गरियो।

आज मिति २०८२ असार १८ गते बुधवारका दिन पाँचखाल नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोतम सापकोटाज्यूको उपस्थितिमा उहाँकै कार्य कक्षमा प्यारो हरियो नेपाल र पाँचखाल नगरपालिकाका कृषि शाखाका कमर्चारीहरुको सहभागीतामा अगामी आर्थिक बर्ष २०८२।०८३ कालागि प्यारो हरियो नेपालबाट पेश गरिएको कार्यक्रम तथा बजेट सम्बन्धमा छलफल निम्न निम्न निर्णय गरियो ।

(क) उपस्थिति:

| क्र.सं. | सहभागी कर्मचारीको नाम | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | पुरुषोत्तम सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | पाँचखाल नगरपालिका | |
| २. | नारायण ज्वाली | कार्यकारी निर्देशक | प्यारो हरियो नेपाल | |
| ३. | हेमन्त पौडेल | कृषि शाखा प्रमुख | पाँचखाल नगरपालिका | |
| ४. | सुदर्शन बोलाखे | बाली संरक्षण अधिकृत | पाँचखाल नगरपालिका | |
| ५. | सुगम भेटवाल | कृषि अधिकृत | पाँचखाल नगरपालिका | |
| ६. | रमेशनाथ रेग्मी | बरिष्ठ कार्यक्रम अधिकृत (कृषि) | प्यारो हरियो नेपाल | |
| ७. | विमल दुलाल | सम्पर्क अधिकृत | लवग्रीन जापान | |

(ख) छलफल तथा निर्णय:

बैठकमा प्यारो हरियो नेपालको आर्थिक बर्ष २०८२।०८३ को लागि पेश गरेको कार्यक्रम तथा बजेटमा छलफल गरी केहि कार्यक्रम बजेटमा परिवर्तन र थप कार्यक्रम राखि बजेटको व्यवस्था गर्ने सहमति भएको थियो । छलफलमा हालै उद्घाटन गरिएको कृषि उपज संकलन तथा बजार केन्द्रलाई दिगो रूपमा संचालन गर्नको लागि आगामी बर्षमा संचालन गरिने कार्यक्रममा बिशेष ध्यान दिनुको साथै निम्न क्रियाकलापहरूमा सहकार्य गर्ने निर्णय गरियो।

१। नगरपालिका र प्यारो हरियो नेपालको सहकार्यमा ६ वटा आई.पि.एम. कृषक पाठशाला संचालन गर्ने ।

२। प्यारो हरियो नेपालले कृषि उपज संकलन तथा बजार केन्द्रमा एउटा कोलबट (चिस्यान कोठा) बनाउनको लागि बजेट व्यवस्था गर्ने ।

३। प्यारो हरियो नेपालले ग्रेडिङ,प्याकेजिङ,लेवलिङ्ग तालिम संचालन गर्ने र यसका लागि आवश्यक भौतिक सामाग्रीहरू नगरपालिकाले उपलब्ध गराउने ।

४. नगरपालिकाको तर्फबाट सकेसम्म तरकारी ढुवानीको लागि कृषि एम्बुलेन्सको ब्यवस्था गर्ने ।

५। नगरपालिका र प्यारो हरियो नेपालको सहकार्यमा आई.पि.एम. पद्धतिद्वारा उत्पादित कृषि उपज प्रमाणिकरण गर्नको लागि निर्देशिका तयार गर्ने ।

६। प्यारो हरियो नेपालले कृषि उपज संकलन तथा बजार केन्द्रमा २,३ वटा पसलमा फल्स सिलिङ्ग हाल्ने कार्य गर्ने ।

७। नगरपालिका र प्यारो हरियो नेपालको सहकार्यमा कृषि उपज संकलन तथा बजार केन्द्रमा साप्ताहिक हाट बजार संचालन गर्ने ।

८। नगरपालिका र प्यारो हरियो नेपालको सहकार्यमा तरकारीको विक्रि वितरण गर्नका लागि कुनै सहकारी वा आधिकारिक समुह बनाउने । त्यसका लागि दुबै निकाय मिलि कृषक समुहहरुको भेला बोलाउने ।

९। नगरपालिकाले माटो परीक्षण प्रयोगशाला तथा द्रुत विषादी परीक्षण प्रयोगशालालाई संचालनमा ल्याउन पहल गर्ने ।